# अन्तर्राष्ट्रिय गीत

उठ, जाग, ए ! भोका-नाङ्गा, जाग ! संसारका दु:खी,
सुन्दर संसार रचना गर्न, न्यायको लागि गर्जी
बाँध्ने छैन परम्पराको साङ्लोले, जाग, ए ! श्रमिक हो
नयाँ जगमा पृथ्वी उठ्नेछ, संसार हाम्रो हुनेछ

यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं,
मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ
यो अन्तिम युद्ध हो, आ-आफ्नो ठाउँमा डटौं
अव मानिसको अन्तर-राष्ट्रिय जाति हुनेछ

तिनको अदालतबाट शासित हुन, हामी चाहन्नौं
तिनको कृपालाई कुल्चिँदै, वरु सबै भै सल्लाह गरौं
लुटाहाबाट आफ्नो धन खोस्न, शोषणबाट मुक्त हुन
आफ्नो कर्तव्य आफैंले निर्णय गरी पूरा गर्न
यो अन्तिम ................

ज्यामी खेताला एक भै आऊ, श्रमिकहरूको सङ्घमा
धरती हामी श्रमिकको हो, हैन जाली-झेली काँतरको
मोटाए कैयौं हाम्रो रगत-मासुले, तर ती हत्यारा
कुनै विहान नष्ट हुनेछन् र उज्यालो रहिरहनेछ
यो अन्तिम ...............

लेखक: युजेन पोट्टर

*विश्वका सर्वहारा र उत्पीडित राष्ट्रहरू एक होऔं !*

नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को

## सातौं राष्ट्रिय महाधिवेशनद्वारा पारित

# तत्कालिक कार्यनीति




**प्रकाशक :**

केन्द्रीय कमिटी
नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)
रातोपुल, काठमाडौं ।

*विश्वका सर्वहारा र उत्पीडित राष्ट्रहरू एक होऔं !*

नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)को

## सातौं राष्ट्रिय महाधिवेशनद्धारा पारित

# तत्कालिक कार्यनीति




**प्रकाशक :**

केन्द्रीय कमिटी
नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)
रातोपुल, काठमाडौं ।

**प्रकाशक :**

**केन्द्रीय कमिटी**
**नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)**
**रातोपुल, काठमाडौं ।**

फोन : ०१-४४६९०३३
फ्याक्स : ०१-४४६९०३५
इमेल : cpnml.cc@gmail.com
वेभसाइट : www.cpnml.org.np

सातौं राष्ट्रिय महाधिवेशनद्धारा पारित

**तत्कालिक कार्यनीति**

पहिलो आवृत्तिः १५, जेठ २०७३

प्रकाशित संख्याः २००० प्रति

कम्प्युटर : नेकपा (माले) डेस्कटप

सहयोग:

रू. ४०।- मात्र

दक्षिण एशियामा राष्ट्रिय मुद्रा ३०।-

अन्य मुलुकमा $ 1

## प्रकाशकीय..............................

नेकपा (माले) को छैटौं केन्द्रीय कमिटीको १२ पूर्ण बैठक (२०७२ माघ २८ गतेदेखि फागुन १ गते, काठमाण्डौ) ले मिति २०७३ बैशाख २५-२८, काठमाण्डौमा पार्टीको सातौं राष्ट्रिय महाधिवेशन आयोजना गर्ने निर्णय गरेको थियो । सोही बैठकले पार्टीको तत्कालिक कार्यनीति सम्बन्धी दस्तावेज मस्यौदा गर्न सातौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटी सचिवालय सदस्य क. कुमार बेलबासे प्रमुख रहेको मस्यौदा समितिको गठन गरेको थियो । समितिमा सचिवालय सदस्यहरू क. गोविन्द के.के., क. विरेन्द्र थपलिया, क. जनक चालिसे, क. कृष्ण राना तथा आयोजक कमिटी सदस्यहरू क. इन्द्रकुमार झा, क. निलमणि बराल र क. डम्बर थामी रहनु भएको थियो । क. कुमार बेलबासेले मस्यौदा गर्नु भएको 'तत्कालिक कार्यनीति' नामक मस्यौदा दस्तावेजलाई समितिले छलफल र परिमार्जन गरे पश्चात सातौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गर्नका निम्ति पारित गर्‍यो जसलाई आयोजक कमिटीको सचिवालयले अनुमोदन गर्‍यो ।

२०७३ वैशाख २५-२८ गतेसम्म आयोजित पार्टीको सातौं राष्ट्रिय महाधिवेशनमा क. कुमार बेलबासेद्वारा तत्कालिक कार्यनीति नामक यो दस्तावेज प्रस्तुत गरिएको थियो । सम्मेलनको बन्दसत्रमा सम्मेलन प्रतिनिधिहरूबीच भएको समूहगत छलफलद्वारा आएका सुझावहरू समेटिने गरी **तत्कालिक कार्यनीति** नामक यो दस्तावेज पारित गरिएको हो ।

पार्टीको सातौं राष्ट्रिय महाधिवेशनद्वारा निर्वाचित केन्द्रीय कमिटीको पहिलो पूर्ण बैठकले यस दस्तावेज माथि आएका महत्वपूर्ण सुझावहरूलाई समावेश गर्दै दस्तावेज प्रकाशन समेत गर्ने अधिकार पार्टीको स्टेयरिङ्ग कमिटीलाई सुम्पेको थियो । त्यसै अनुरुप पार्टी स्टेयरिङ्ग कमिटीले यस दस्तावेजलाई परिमार्जन सहित अन्तिम रुप दियो र यसलाई प्रकाशन गर्‍यो ।

पार्टीको कार्यनीति अग्रगामी परिवर्तनहरूलाई संस्थागत गर्ने उद्देश्यले सङ्घर्ष गर्ने माँग, नारा र तरिकाका अतिरिक्त आन्दोलनको तत्कालिक अवस्थामा लागू गरिने नेपाली सर्वहारा-श्रमजीवी वर्गको सङ्घर्षको नीति र कार्यक्रम हो । यसमा पार्टीको कार्यनीतिक कार्यदिशाको संक्षिप्त विवेचना गर्नुका साथै तात्कालिक सङ्घर्षका विषय र मागहरूलाई व्यवस्थित ढंगले अघि सारिएको छ। यो दस्तावेज अग्रगामी परिवर्तनका कार्यसूचीहरूलाई कार्यान्वयन गर्ने सङ्घर्षको आमआव्हान पनि हो । कार्यनीतिको कुन कार्यसूचीलाई कुन ठाउँमा, कहिले लागू गर्नु पर्ने हो त्यसको मूल्यांकन पार्टी केन्द्रीय कमिटी, प्रदेश कमिटी, जिल्ला कमिटी, नगर कमिटी र गाउँ कमिटी लगायत स्थानीय कमिटीहरूले पहिचान गरी त्यस्ता कार्यसूचीलाई आफ्नो कार्यक्षेत्र केन्द्रीय कमिटीको निम्ति देश, प्रदेश कमिटीको निम्ति प्रदेश, जिल्ला कमिटीको निम्ति आफ्नो जिल्ला, नगर/गाऊँ कमिटीको निम्ति आफ्नो नगर/गाउँ क्षेत्रमा लागू गर्ने निर्णय गर्नुपर्छ, योजना बनाउनुपर्छ र त्यसको निम्ति सङ्घर्षका उपयुक्त रुप र तरिकाहरू छानी कार्वाही अघि बढाउनु पर्छ । यस्तो उद्देश्य लिई पार्टीको तत्कालिक कार्यनीतिलाई अध्ययन र कार्यान्वयनमा लैजाने काम गरिनु पर्छ ।

पार्टीका हरेक कमिटीले यसमा उल्लेख गरिएका तत्कालिन कार्यक्रम, नारा एवं कार्ययोजनालाई आफूद्वारा आयोजना गरिने प्रशिक्षण कक्षा, प्रशिक्षण शिविरहरूका साथै जनताबीच कुराकानी, अन्तरक्रिया, गोष्ठी, कोणसभा, भेला, जनसभा, भित्ते लेखन, पर्चाबाजी, जुलुस प्रदर्शन र प्रचारका अन्य माध्यमहरूमार्फत आन्दोलनका माग र नाराको रुपमा जनताबीच फैलाउँदै र अगाडि बढाउदै स्थानीय वर्गसङ्घर्षको माध्यम मार्फत पार्टीका तत्कालिक उद्देश्यहरू प्राप्त गर्दै जनतालाई आमूल परिवर्तनको लक्ष्यतर्फ अघि बढाउन जिम्मेवारीपूर्वक लागून् भनी पार्टी केन्द्रीय कमिटी अपेक्षा गर्दछ ।

***१९ जेठ, २०७३***

**–केन्द्रीय कमिटी,**
**नेकपा (माले)**

# तत्कालिक कार्यनीति

(पार्टीको सातौं राष्ट्रिय महाधिवेशन-२०७३ द्वारा पारित)

दुई जोडी शक्ति राष्ट्रहरूको बीचमा रहेको हाम्रो देशको विशिष्ट भूराजनीतिक अवस्थितिले नेपाली क्रान्तिमा महत्वपूर्ण विशेषता उत्पन्न गरेको कुरालाई नेकपा (माले) ले राम्ररी बुझेको छ। यस विशेषतालाई आत्मसात गरी तदनुरूप नेपाली क्रान्तिका रणनीति र कार्यनीतिहरू तर्जुमा गर्न नसक्दा नेपालको कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी अवसरवाद र विसर्जनवाद, उग्रवामपन्थी अवसरवाद र  विदेशपरस्त विसर्जनवाद देखापर्ने, हुर्किने र देशको कम्युनिष्ट आन्दोलनलाई निकै क्षति पुऱ्याउने मात्र नभई कुनै-कुनै कालखण्डमा त मुलुकको अस्तित्वमा समेत गम्भिर प्रस्नचिन्ह खडा हुने गरेका छन्। नेपालको भूराजनीतिक अवस्थितिको कारणले गर्दा नेपाली जनवादी क्रान्ति विशिष्ट प्रकारले मात्र सम्पन्न हुने अवस्था उत्पन्न भएको छ। पटक-पटक राजनीतिक क्रान्ति सम्पन्न गर्दै जनताको जनवादी सत्ता स्थापित गर्ने लक्ष्य हासिल गर्नु नै नेपाली क्रान्तिको विशेषता बनेको छ। यस कुरालाई २००७ सालमा भएको राणाशाहीविरोधी, २०४६ सालको सामन्ती निरंकुश निर्दलीय पञ्चायती शासनव्यवस्था विरोधी र २०६३ सालमा सम्पन्न राजतन्त्रविरोधी राजनीतिक परिवर्तन अर्थात राजनीतिक क्रान्तिहरू सम्पन्न हुँदा पनि जनताको जनवादी सत्ता स्थापित हुन नसक्नु र त्यसको निम्ति अझै सङ्घर्ष जारी राख्नु पर्ने आवश्यकताले नै पुष्टि गर्दछ। यसका साथसाथै पटक-पटक भएको पुरानो पूँजीवादी जनतान्त्रिक चरित्रका राजनीतिक परिवर्तनहरूलाई आत्मसात् गर्दै र वर्तमानमा अग्रगामी लोकतान्त्रिक गणतन्त्रलाई कार्यान्वयन गर्ने उपयुक्त कार्यदिशा तय गर्दै समाजको परिवर्तन निम्तिको सङ्घर्षलाई अघि बढाउन सकेमात्र अनुकूल राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थितिमा नेपालमा जनवादी राज्यसत्ता स्थापित गर्दै सर्वहारा समाजवादी क्रान्तिको ढोका खोल्न सकिने सच्चाइलाई सङ्घर्षशील जनताहरूबीच स्थापित गर्नु अत्यावश्यक



छ। पटक-पटक भएका राजनीतिक परिवर्तनहरू पश्चात् अनिवार्य रूपमा हुनु पर्ने अग्रगामी सामाजिक परिवर्तनहरू विभिन्न कारणवश नेपाली समाजमा कार्यान्वयन हुन सकेका छैनन्। त्यस्तै हाम्रा पुर्खाहरूले स्थापित गरेका गर्विला उपलब्धिहरूलाई समाप्त गर्ने, हामी नेपाली जनताले प्राप्त गरेका ऐतिहासिक उपलब्धीहरूलाई निष्प्रभावि बनाउँदै हाम्रो देश नेपालकै अस्तित्वलाई नामेट पार्न परचक्रीहरूबाट षडयन्त्रहरू भएका छन्। यस्ता कमजोरी र कुकृत्यलाई परास्त गर्न हामीले बेलैमा जनतालाई जानकार बनाउनु आवश्यक छ।

पहिलो र दोस्रो संविधानसभाद्वारा साढे सात वर्ष लगाएर गत २०७२ आश्विन ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको अग्रगामी नयाँ संविधान जारी भएको छ। समावेशी एवम् अग्रगामी लोकतान्त्रिक संविधानले संयुक्त राष्ट्रिय जनआन्दोलनका उद्देश्य र मागहरूलाई अधिकाधिक मात्रामा सम्वोधन गरेको छ। यस संविधानले सबै पक्षका सबै माग र आकाङ्क्षालाई शतप्रतिशत ग्रहण गरेको छैन, तर सबैका सामयिक सरोकारहरूलाई कुनै न कुनै रूपमा सम्वोधन गरेकै छ। आफ्ना मतभिन्नताहरू सहित अग्रगामी चरित्रको यस संविधानलाई नेकपा (माले) ले उपलब्धिको रूपमा लिएको छ। खासगरी आज संविधानसभाको दुईतिहाइ भन्दा बढीको मतसंख्याबाट अनुमोदित हुदै जारी गरिएको नेपालको संविधानले ८० बर्षदेखि सङ्गठित रूपमा अघि बढाईएको लोकतान्त्रिक अधिकार प्राप्तिको आन्दोलनलाई युगान्तकारी निकास दिएको छ, नेपाली जनताका अग्रगामी लोकतान्त्रिक अधिकारहरूलाई संस्थागत गरेको छ। लोकतान्त्रिक अधिकार प्राप्तिका सिलसिलामा भएका पहिलो राजनीतिक क्रान्ति (२००७), दोश्रो राजनीतिक क्रान्ति (२०४६) पश्चात २०६२/०६३ मा सम्पन्न संयुक्त राष्ट्रिय जनआन्दोलनका उपलब्धिहरूले २०७२ सालमा आएर नेपालको संविधान मार्फत आफूलाई लोकतान्त्रिक गणतन्त्रमा चरितार्थ गरेका छन्। नयाँ संविधान निर्माणसँगै नेपाल विरुद्ध अमानवीय नाकावन्दी लगाइयो र हाम्रो देशको सार्वभौमसत्ता, स्वाधिनता र भौगोलिक अखण्डतामा समेत खलल पार्ने भारतीय शासकहरूको प्रभूत्ववादी नियत र षडयन्त्र हाम्रा सामू अधिकाधिकरूपमा छर्लङ्ग हुँदै आएका छन्। यसप्रति विश्व साम्राज्यवादको सहयोग र समर्थन रहेको देखिएको छ।  एकातिर तराई र पहाडका विभिन्न खाले अतिवादी समुहहरूलाई प्रयोग गरी नेपालमा अस्थिरता उत्पन्न गर्ने प्रयास भइरहेको छ र संकिर्ण जातिवादी तथा क्षेत्रीयतावादी पार्टीहरूका साथै नेपालभित्र रहेका आफ्ना तावेदार तत्वहरूलाई एकजुट गराउँदै नेपालमा स्थापित गराउने कोशिश भईरहेको छ भने अर्कोतिर 'राजनीतिक समस्या समाधान भैसक्यो, अब आर्थिक विकास र

आर्थिक राष्ट्रवादको निर्माण गरिनुपर्छ' भन्दै नेपाली जनताको राजनीतिक र राष्ट्रवादी जागरणलाई भुत्ते पार्ने कोशिस हुदैछ; साथै वस्तुगत अवस्थाको ठोस विश्लेषण नै नगरी क्रान्ति र परिवर्तनको चर्को नारा फलाक्ने “वामपंथी”जमातलाई उग्र हिंसात्मक कृयाकलापहरू गर्न प्रोत्साहित समेत गरिदैछ। यस प्रकार सामाजिक-राजनीतिक अस्थीरता बढाई नेपाललाई कमजोर, गरीब र अविकसित राख्ने अनि जनताको राष्ट्रियता तथा राजनीतिक चेतलाई भुत्ते पारी वैदेशिक तावेदारहरूको नेतृत्वमा देशलाई नियन्त्रण गर्दै अस्तित्वविहिनताको स्थितिमा पुऱ्याउने प्रपञ्च रचिदैछ, जसलाई हामीले समय मै चिन्न र चिर्न सक्नु पर्दछ।

तेस्रो राजनीतिक क्रान्ति पछिको परिवर्तित तर जटिल रहेको यस विशिष्ट संक्रमणकालिन परिस्थितिमा हामी हाम्रो गौरवशाली पार्टी नेकपा (माले) को ऐतिहासिक सातौं राष्ट्रिय महाधिवेशन मार्फत नयाँ जनवादी अर्थात जनताको जनवादी वा लोकजनवादी क्रान्तिको कार्यक्रमिक लक्ष्यलाई दृष्टिगत गर्दै र तत्कालिन परिस्थितिको वस्तुगत आधारमा विश्लेषण गर्दै आगामी दिनमा पार्टीद्वारा अबलम्बन गरिने आमूल परिवर्तनकारी तत्कालिक कार्यनीतिक कार्यक्रम अघि सारिरहेका छौं।

## १. तत्कालिक कार्यनीति र आगामी क्रान्ति

नेपालमा पुँजीवादी गणतन्त्र अभ्यासमा आए पनि नयाँ जनवादी क्रान्ति सम्पन्न भएको छैन। ठोस योजनाहरू बनाउँदै त्यसलाई सम्पन्न गर्नु हाम्रो रणनीतिक लक्ष्य हो। उक्त रणनीतिक लक्ष्यमा कायम रहेर संविधानद्वारा संस्थागत गरिएको लोकतान्त्रिक गणतन्त्रलाई कृयान्वित गर्दै संस्थागत गरिएका अग्रगामी परिवर्तनहरूलाई र अन्य अग्रगामी मागहरूलाई कार्यान्वयन गर्ने सङ्घर्ष सञ्चालन गर्नु नेकपा (माले) को तत्कालिक ऐतिहासिक कार्यभार हो। यस अन्तर्गत संविधानद्वारा सम्बोधन नगरिएको जातीय पहिचानको मुद्दालाई संविधानमा संस्थागत गर्नु, जातीय, क्षेत्रीय, लिङ्गीय तथा जातपातीय विभेदहरूलाई अन्त्य गरी समानता, समावेशीकरण, समान सहभागीता र समान पहुँच कायम गर्नु, मुलुकसुहाउँदो सङ्घीय प्रणाली अन्तर्गत अधिकार निक्षेपण, सबै प्रदेशको सन्तुलित विकास र राष्ट्रिय सुरक्षालाई अक्षुण्य राख्ने गरी पूर्व निर्धारित पाँच विकासक्षेत्रलाई नै पाँचवटा प्रदेशमा रूपान्तरण गर्नु, नेपालको विषेशता अनुरूप शासकीय स्वरूप तथा नागरिकता नीति कायम गर्नु, अग्रगामी आर्थिक विकासका स्वावलम्वी तथा आत्मनिर्भर नीति निर्माण र कार्यान्वयन गर्नु स्थानीय वर्गसङ्घर्ष सञ्चालन गर्दै चौथो राजनीतिक क्रान्तितर्फ अघि बढ्नु तत्कालिक कार्यनीति हो।



कमजोर बनिरहेका भए पनि समाजको विभिन्न पक्षमा विद्यमान सामन्तवादका विविध रूपहरू, बढिरहेको दलाल-नोकरशाही पुँजीवाद र प्रभूत्ववाद तथा साम्राज्यवादका नवऔपनिवेशीक नीतिहरूको विरुद्ध सङ्घर्ष गर्दै अग्रगामी सामाजिक-आर्थिक परिवर्तन ल्याउनु पार्टीको कार्यनीतिक कार्यदिशा हुनेछ। यसको एउटा महत्वपूर्ण पक्ष समाजमा अग्रगामी पुँजीवादी रूपान्तरणलाई जोड दिनु हुनेछ। समाजको अग्रगामी रूपान्तरणको यस्तो कार्यनीति जनभावना र सैद्धान्तिक दुवै तवरले उपयुक्त छ। यही नेपाली कम्युनिष्ट आन्दोलनको वर्तमान क्रान्तिकारी कार्यदिशा पनि हो। तीन-तीन पटक राजनीतिक परिवर्तन भइसकेपछि पनि ती परिवर्तनसँग मेल खाने अग्रगामी आर्थिक-सामाजिक परिवर्तन नभएकोले गर्दा अब आर्थिक-सामाजिक परिवर्तन हुनैपर्छ भन्ने जनभावना प्रबल बनेको छ। यस्तो गर्नु मार्क्सवादी-लेनिनवादी मान्यताभित्र पनि पर्दछ। बाहिरी रूपबाट हेर्दा सो कार्यदिशा आर्थिक सङ्घर्षको कार्यदिशा जस्तो मात्र लागे पनि यो वर्तमान समाजमा विद्यमान विशिष्ट वर्गसङ्घर्षलाई सशक्त रूपमा सञ्चालन गर्ने क्रान्तिकारी राजनीतिक कार्यदिशा हो। यसले समयक्रममा तीव्र राजनीतिक सङ्घर्षको चरित्र ग्रहण गर्नै पर्दछ र गर्नेछ।

वर्तमान अग्रगामी परिवर्तनका अत्यधिक उपलब्धीहरूलाई नयाँ संविधानमा संस्थागत गरेपछिको अवस्थामा उपरोक्त कार्यनीतिक कार्यदिशा नै यस्तो माध्यम बन्न गएको छ, जसले तिनको कार्यान्वयन गर्ने छ र समाजमा गुणात्मक परिवर्तन ल्याउने अवस्था उपस्थित गराइदिने छ। परिणामत: एकातिर अग्रगामी सामाजिक-आर्थिक रूपान्तरण चाहने शक्तिहरू-क्रान्तिकारी कम्युनिष्टहरू, कम्युनिष्ट-गैरकम्युनिष्ट वामपन्थीहरू, मजदुर, किसान, निम्न पुँजीपति वर्ग, बौद्धिक समुदाय, राष्ट्रिय पुँजीपति वर्ग र देशभक्त तप्काहरूलाई ध्रुवीकृत हुन र अर्कोतिर परिवर्तन विरोधी सामन्ती, दलाल, पुँजीवादी, प्रभुत्ववादी तथा साम्राज्यवादी शक्तिहरूलाई पनि विपरित ध्रुवमा उभिन वाध्य पार्ने छ। समयक्रममा तिनीहरू बीच उत्पन्न हुने राजनीतिक टक्करले देशमा अर्को राजनीतिक परिवर्तनको अर्थात चौथो राजनीतिक क्रान्तिको स्थिति सृजना गर्न सक्नेछ, जसमार्फत वाह्य स्थिति अनुकूल भए, नेपाली जनताले जनवादी गणतन्त्र स्थापना गर्न सक्नेछन् अनि नेपाली समाजले सर्वहारा समाजवादमा संक्रमण गर्ने बाटो पाउनेछ। यस्तो कार्यसम्पन्न भए पछि मात्र नेपालमा नयाँ जनवादी वा जनताको जनवादी वा लोकजनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको ठहरिने छ।

## २. रणनीति र कार्यनीतिको सम्बन्ध

कार्यनीति भनेको आन्दोलनको आरोह-अवरोह, क्रान्तिको उत्थान वा पतनमा अपेक्षाकृत छोटो समयका निम्ति लागू हुने सर्वहारा-श्रमजीवी वर्गको सङ्घर्षको नीति र कार्यक्रम हो । रणनीति मातहत कार्यनीति तयार गरिन्छ । कार्यनीतिले रणनीतिक लक्ष्य हासिल गर्न सघाउँछ । जनवादी क्रान्तिको वर्तमान चरणमा हाम्रो पार्टीको रणनीतिक लक्ष्य मुलुकमा नयाँ जनवादी व्यवस्था स्थापना गर्नु हो । नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु भनेको आजको अर्द्धसामन्ती र नव-अर्द्धऔपनिवेशीक राजनीतिक, आर्थिक र सामाजिक परिपाटीलाई समूल नष्ट गरेर व्यापक श्रमजीवी जनसमुदायहरू र राष्ट्रभक्त तप्काहरूको हित गर्ने गरी क्रान्तिकारी जनवादी राजसत्ता स्थापित गर्नु तथा मानवद्वारा मानवको शोषण गरिने युगौंदेखि चलिआएको परिपाटीको अन्त्य गर्ने समाजवादतिर सङ्क्रमण गर्ने अवस्था सिर्जना गर्नु हो । नयाँ जनवादी क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गरेपछि मात्र हामी त्यस्तो समाज निर्माण गर्ने दिशामा अग्रसर हुन सक्ने छौं, जहाँ जनता नै सबैथोकका मालिक बन्ने छन् र सबै थोकले जनताकै सेवा गर्ने छन् । त्यो सर्वहारा समाजवादी समाज हुने छ जसको उच्चतम रूप नै वैज्ञानिक साम्यवाद हो ।

नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने हाम्रो राजनीतिक रणनीति तवसम्म उही रहन्छ जवसम्म हामी त्यस क्रान्तिलाई पूरा गर्न सफल हुँदैनौं । तर कार्यनीति चाहिं क्रान्तिको आरोह-अवरोह, आन्दोलन र सङ्घर्षका उतार-चढाउ एवं तत्कालिक राजनीतिक शक्ति सन्तुलनसँगै फेरिन्छ, परिवर्तित भइरहन्छ ।

नयाँ जनवादी क्रान्ति नेपाली समाजको वर्तमान चरणमा गरिने जनक्रान्ति हो । यस चरणभरि गरिने विविध परिवर्तनहरूलाई मार्गदर्शन गर्ने नयाँ जनवादको आम कार्यक्रम (General Programme) हुन्छ । समय र परिस्थितिको आवश्यकताअनुसार विशिष्ट स्थितिको निम्ति सर्वहारावर्गीय पार्टीले यस कार्यक्रमअन्तर्गत रही विशिष्ट कार्यक्रम तर्जुमा गर्दछ । यस्तो विशिष्ट कार्यक्रम कार्यनीतिक (Tactical) चरित्रको हुने गर्दछ । यसलाई तत्कालिक कार्यनीतिको रूपमा निरूपण गरिएको हुन्छ । यस्तो कार्यनीतिक कार्यक्रम समाजको तत्कालिन वस्तुगत अवस्थाका साथै राष्ट्रिय राजनीतिक शक्तिसन्तुलन, आत्मगत अवस्था र अन्तर्राष्ट्रिय परिस्थितिलाई समेत ध्यान दिदै तर्जुमा गरिएको हुन्छ । विभिन्न खाले जनतान्त्रिक राजनीतिक क्रान्तिहरू मार्फत मात्रात्मक परिवर्तन गर्दै नयाँ जनवादी क्रान्तिको लक्ष्य प्राप्त गर्नुपर्ने विशेषता रहेको हाम्रो मुलुकको जनवादी क्रान्तिमा कार्यनीतिक कार्यक्रम निर्माण गर्ने कामको अत्यन्त ठूलो



महत्व रहेको छ । यस्तो तत्कालिक कार्यनीतिक कार्यक्रमले अग्रगामी सामाजिक-आर्थिक परिवर्तन संस्थागत गर्दै राजनीतिक सङ्घर्ष र वर्ग-सङ्घर्षद्वारा जनतालाई आमूल परिवर्तनकारी जनवादी क्रान्तिको कार्यदिशातर्फ अगाडि बढ्न सघाउछ ।

हेक्का राख्नुपर्ने कुरा के हो भने हामीले लिने कार्यनीतिको सोझो सम्वन्ध सर्वहारा-श्रमजीवि सर्वसाधारण नेपाली जनताको सङ्घर्षका तरिका र सङ्गठनका रूपसित, तिनमा हुने परिवर्तन र संयोजन सँग पनि रहन्छ । नेपाली सर्वहारा वर्गले के कुरा प्राप्त गर्नको निम्ति सङ्घर्षका कुन तरिकालाई प्रयोग गर्ने क्षमता र अनुकूलता प्राप्त गरेका छन् र हामी कम्युनिष्टहरू सर्वसाधारण जनतालाई त्यस सम्वन्धमा कसरी चेतनशील र तयार बनाउन सक्तछौं, यसैमा कार्यनीतिको प्रभावकारिता निश्चित हुन्छ । हामीले सर्वसाधारण जनताका मागहरूलाई, उनीहरूका पीर-मर्काहरूलाई उचित कार्यनीतिक नारामा फेरेर जनताले बुझ्न सक्ने गरी ठीक समयमा योजनावद्ध ढङ्गले प्रस्तुत गऱ्यौं भने, तिनलाई कार्यान्वयन गर्ने बाटो देखायौं भने र कार्यान्वयन गर्नेतर्फ सकृय नेतृत्व दिनसक्यौं भने अवश्य पनि सर्वसाधारण जनताले तिनलाई सहजका साथ ग्रहण गर्ने छन् । पार्टीका नीति तथा कार्ययोजनाहरू तवमात्र शक्तिमा रूपान्तरित हुन्छन् जब तिनलाई सर्वहारा-श्रमजीवी जनताले आत्मसात गर्छन् र आफ्नो सङ्गठित प्रयत्नद्वारा व्यवहारमा उतार्न तत्पर हुन्छन् ।

## ३. कार्यनीति निर्धारणका आधारहरू

हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकासित सम्वन्धित साना-ठूला समस्याहरूलाई लिएर आर्थिक तथा राजनैतिक सङ्गठन गर्नमा र विभिन्न वर्ग तथा जनसमुदायका तत्कालिक मागहरूको लागि सङ्घर्ष चलाउनु पर्ने अनिवार्यतालाई ध्यान दिनु पर्दछ । यसै अभिभाराको सेरोफेरोमा हामीले कार्यनीति निर्धारण गर्दा निम्नलिखित आधारलाई ध्यानमा राख्नु पर्दछ ।

**३.१.** चौथो संयुक्त राष्ट्रिय जनआन्दोलनको बलमा जन निर्वाचित संविधानसभाद्वारा निर्माण गरी जारी गरिएको नेपालको संविधानद्वारा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरिएको भएपनि सामन्तवादका आर्थिक, सामाजिक, सांस्कृतिक र अन्य धेरै व्यवस्था र वन्धनहरू टुटेका छैनन् । तिनीहरूको अन्त्य भएको छैन । तिनलाई टुटाउन वा अन्त्य गर्न लामो समयसम्म सम्बन्धित क्षेत्रमा नीति-कार्यक्रम, जनसमर्थन र जागृत जनशक्तिको आधारमा सङ्घर्ष गरिनुपर्दछ । यसकारण सामन्तवाद ओह्रालो लागिसकेको भएपनि नेपाली समाज अद्यापि अर्द्ध-सामन्ती नै रहेको छ । अर्द्धसामन्ती अवस्थाबाट नेपाली समाजलाई मुक्त गर्न हामी सङ्घर्षरत रहनु पर्दछ ।

**३.२.** आजसम्म भएका नेपाली जनताका सामन्तवाद तथा राजतन्त्रविरोधी सङ्घर्षहरूले विस्तारवाद एवं साम्राज्यवादलाई प्रत्यक्ष प्रहार गरेको छैन, तिनलाई कमजोर बनाएको छैन । बरू उल्टै यस सङ्घर्षको क्रममा उत्पन्न भएका उग्रवामपन्थी महत्वाकाङ्क्षा प्राप्तिको निम्ति कथित परिवर्तनकारी पार्टीहरूमा विकसित भएको नाङ्गो वैदेशिक तावेदारीवादले गर्दा नेपाली समाजमा तिनको प्रभाव र पकड बढ्दै छ । भारतीय विस्तारवादको प्रभाव र पकड भित्रभित्रै अभूतपूर्व रूपमा बढ्नुको साथै नेपालमा पश्चिमा साम्राज्यवादीहरूका रणनीतिक योजनाहरू पनि व्यापक रूपमा कार्यान्वयन हुन थालेका छन् । यसकारण नेपाली समाजको अर्द्धऔपनिवेशिक चरित्र यथावत रहेको छ । अबका हाम्रा सङ्घर्षहरू मुलुकको अर्द्धऔपनिवेशीक अवस्थालाई समाप्त गर्ने पनि हुनुपर्दछ ।

**३.३.** आज पनि नेपाली समाजमा सामन्तवाद तथा दलाल-नोकरशाही पुंजीवादसँग जनताको अन्तरविरोध नै प्रधान वर्गीय अन्तरविरोध हो । सामन्तवाद र दलाल-नोकरशाही पुंजीवादलाई हाम्रो तत्कालिक सङ्घर्षले सशक्त प्रहार गर्न सक्नुपर्दछ ।

**३.४.** मुलुकमा प्रधान शत्रुवर्गहरूको मूल राजनीतिक प्रतिनिधि को हो ? यो अझैं स्पष्ट भैसकेको छैन । यो निश्चित छ कि नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपा नेपाल, मधेश राजनीति-केन्द्रीत पार्टीहरू आदि जस्ता राजनीतिक दलहरूमा सामन्तवाद तथा दलाल-नोकरशाही पुंजीवादका स्वार्थलाई प्रतिनिधित्व गर्ने प्रवृत्ति र व्यक्तिहरू छन् । यी मध्ये राप्रपा, नेपाल राजतन्त्र र त्यसका वर्गीय आधारको हित प्रतिनिधित्व गर्ने पार्टीको रूपमा क्रियाशील छ । तर आफ्ना सम्पूर्ण अङ्ग र उपाङ्गहरू सहित सिङ्गो समाज नै अग्रगामी परिवर्तनको दौडमा रहेकोले शत्रुवर्गहरूका प्रतिनिधिहरू स्पष्ट अनुहारमा बाहिर आउन सकिरहेका छैनन् तर आफ्नो वर्गीय हितरक्षाका बिषयमा भने बैचारिक र राजनैतिकरूपमा ध्रुविकृत हुने क्रममा छन् । आज जुनसुकै बुर्जुवा राजनीतिक दलमा देखिएका यथास्थितिवादी र प्रतिगामी प्रवृत्ति तथा तिनको पक्षपोषण गर्ने व्यक्तिका गतिविधि र अभिव्यक्तिलाई सचेतनतापूर्वक पर्गेल्दै त्यसको विरोध गर्ने कामलाई दृढ भएर अघि बढाउनुपर्छ, र त्यस्ता प्रवृत्ति र शक्तिहरूको ध्रुवीकरणको प्रक्रियालाई चनाखो भएर नियाल्न "मूल प्रतिनिधि-पात्रलाई" चिन्हित गर्नुपर्दछ ।

**३.५.** वर्तमान अवस्थामा पार्टीले जनमत र शान्तिपूर्ण जनआन्दोलनको आधारमा सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवाद, भारतीय विस्तारवाद र अमेरिकी नेतृत्वमा रहेको विश्वसाम्राज्यवादको विरूद्ध सङ्घर्ष गर्ने नीति लिनु पर्दछ । वर्तमान संक्रमणकालिन राजनीतिक अवस्थामा विस्तारवाद तथा साम्राज्यवाद, अझ विशेष गरी नेपालभित्र भारतीय विस्तारवादका हस्तक्षेपहरू



राष्ट्रलाई विखण्डन गर्ने तहसम्म बढिरहेको परिप्रेक्ष्यमा तिनका औपनिवेशिक, विखण्डनकारी तथा कब्जाकारी नीतिहरूका विरूद्ध सचेतन र प्रभावकारी सङ्घर्ष चलाउनु पर्दछ ।

## ४. कार्यनीतिमा समायोजनको प्रश्न

परिवर्तित राजनीतिक-सामाजिक परिस्थितिमा पार्टीले आफ्नो कार्यनीतिमा समयसापेक्ष परिमार्जन तथा अग्रगामी विषयहरू समायोजन गर्ने आवश्यकता देखिएको छ । यसो गर्दा निम्नानुसारका विषयहरूलाई लिनु आवश्यक छ ।

**४.१.** वर्तमान राजनीतिक परिवेशमा पार्टी कार्यनीतिको कार्यान्वयन गर्ने मूल साधन राजनीतिक सङ्घर्ष हो जुन संसदीय र गैरसंसदीय दुवै मोर्चाबाट सञ्चालित हुनेछ । संसदीय मोर्चाको सङ्घर्ष महत्वपूर्ण हो र यसमा श्रेष्ठता हासिल गर्नको निम्ति गैरसंसदीय मोर्चाको सङ्घर्षलाई प्राथमिकता दिएर प्रभावकारी ढङ्गले सञ्चालन गर्न सक्नु पर्दछ । यसैले गैरसंसदीय मोर्चा नै निर्णायक भूमिका खेल्ने मोर्चा हो र दुवै मोर्चाका सङ्घर्षहरू एकअर्काका पूरक रहेका हुन्छन् । गैरसंसदीय मोर्चाको सङ्घर्षलाई प्रभावकारी बनाउन विगतबाट शिक्षा लिदै नयाँ नयाँ तरिका विकास गर्न पार्टीले विशेष ध्यान, समय र प्रयत्न केन्द्रीत गर्नुपर्छ ।

**४.२.** भारत सरकारले नयाँ संविधान निर्माण पश्चात २०७२ असौज ५ गते देखि माघ २२ गते सम्म नेपाल विरुद्ध अघोषित ढङ्गले लगाएको नाकाबन्दीले राष्ट्रिय स्वाधिनता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको प्रश्नलाई ज्वलन्त बनाएर उठाएको छ । यसबाट राष्ट्रियता निम्तिको सङ्घर्षलाई प्राथमिकता दिनु पर्ने आवश्यकता देखिएको छ । यस मुद्दालाई महत्वका साथ उठाउनु कार्यनीति समायोजनको अर्को पक्ष हो ।

**४.३.** नेपालको आन्तरिक मामिलामा अनपेक्षित हस्तक्षेप गर्दै आफ्ना रणनीतिक उद्देश्य प्राप्तगर्ने अन्तिम हतियारको रूपमा भारतले वर्तमान (२०७२) मा मात्र नभएर विगतमा समेत पटक पटक भूपरिवेष्ठित मुलुकले पाउनुपर्ने अन्तर्राष्ट्रिय अधिकारलाई समेत लत्याउँदै द्विपक्षीय व्यापारमा नाकाबन्दी लगाउँदै आएको छ । यस्तो अमानवीय कृत्य भारतले भविष्यमा नदोहऱ्याउला भन्ने अवस्था छैन । त्यसको प्रतिकृयास्वरूप स्वावलम्वन तथा आत्मनिर्भरताप्रति अभूतपूर्व ढङ्गले जोडदिनु वर्तमान परिस्थितिमा कार्यनीतिमा समायोजन गर्ने तेस्रो महत्वपूर्ण विषय बनेको छ ।

**४.४.** दलाल नोकरशाही पूँजीवाद, अर्द्धसामन्तवाद, अर्द्धउपनिवेशवाद तथा नवउपनिवेशवादका विरुद्ध अग्रगामी सामाजिक-आर्थिक परिवर्तनको निम्ति राजनैतिक एवम् जनसङ्घर्ष गर्नु संविधान निर्माण पछि पार्टीको कार्यनीतिक

कार्यदिशा बनेको छ। निःसन्देह यस कार्यनीतिले समाजमा राष्ट्रिय पूँजीको उपस्थितिलाई प्रभावशाली बनाउँदै लान सक्नुपर्छ। राष्ट्रिय पूँजीको विकास र विस्तारमा प्रोत्साहनयुक्त भूमिका खेल्नु हाम्रो महत्वपूर्ण कार्यभार रहेको वर्तमान स्थितिमा जनजीवनमाथि प्रभूत्व जमाउने दलाल एवम् नोकरशाही पूँजीवाद विरुद्ध प्रहार केन्द्रित गर्ने नीतिलाई तत्कालिक कार्यनीतिमा प्रभावकारी ढङ्गले समायोजन गर्नु अत्यावश्यक रहेको छ ।

## ५. दुई मोर्चामा सङ्घर्षको नीति

हामीले मुलुकको ठोस वस्तुस्थितिमा दुई मोर्चाको सङ्घर्षलाई सही ढङ्गले बुझ्नु पर्दछ। हाम्रो पार्टीले दुई मोर्चामा सङ्घर्ष सञ्चालन गर्नु पर्ने मुख्य विषयहरू आर्थिक, वैचारिक र राजनीतिक विषय हुन्। दुई मोर्चाको सङ्घर्ष भनी निम्न जोडीहरूलाई लिन खोजेको हो: सामन्तवादविरूद्ध लोकतान्त्रिक आन्दोलनको पूर्णताका निम्तिको सङ्घर्ष एउटा मोर्चा र नवऔपनिवेशिकता-अर्धऔपनिवेशिकता विरूद्ध राष्ट्रिय मुक्ति निम्तिको सङ्घर्ष अर्को मोर्चा, शोषक वर्गीय विचारधारा विरुद्ध वैचारिकसङ्घर्षको एउटा सार्वजनिक मोर्चा तथा कम्युनिष्ट आन्दोलनभित्र वर्गसमन्वयवादी दक्षिणपन्थी विसर्जनवादी र 'वामपन्थी' विसर्जनवादविरूद्ध मार्क्सवाद-लेनिनवाद तथा माओ त्सेतुङ्ग विचारधारा तथा नेपाल चिन्तनको मार्गदर्शनका आधारमा पार्टी भित्र गरिने वैचारिक सङ्घर्षको अर्को मोर्चा; अनि राजनीतिक सङ्घर्षको क्षेत्रमा संसदीय मोर्चा र गैरसंसदीय मोर्चा गरी दुई मोर्चामा गरिने सङ्घर्ष । यहाँ तिनीहरूबारे केही चर्चा गरिन्छ .

**पहिलो,** सामन्तवाद विरुद्ध लोकतान्त्रिक आन्दोलन र जनसङ्घर्ष तथा औपनिवेशीकता विरुद्ध राष्ट्रिय मुक्ति निम्तिको सङ्घर्षलाई सङ्गसगै, सन्तुलित र समानान्तर ढङ्गले सञ्चालन गर्नु पर्ने टड्कारो आवश्यकता छ। सदीयौंदेखि सामन्तवादी शोषण,दमन र उत्पीडनमा परेको नेपाली समाज सामन्तवादी हैकम तथा मान्छे-मान्छे बीचको भेदभावले ग्रसित छ। हाम्रो समाजको जरा जरामा सामन्तवादी सम्वन्ध र प्रभावले कब्जा जमाएको छ, जसले गर्दा धनी र गरिवबीच, महिला र पुरुषबीच, 'छुत र अछुत' बीच निकै ठूलो विभेद छ। समाजमा धेरै सांस्कृतिक विकृति र विसङ्गतिहरू छन्। २०६२/०६३ को संयुक्त जनान्दोलनले सामन्ती शासन व्यवस्थाको शिर्षमा रहेको राजसंस्थाको मात्र उच्छेद गरेको छ। सामन्ती आर्थिक-सामाजिक सम्वन्धहरू लगभग यथावत छन्। तिनका विरुद्ध समाजको सर्वाङ्गिण क्षेत्रमा आमूल परिवर्तन गर्ने उद्देश्यले प्रभावकारी सङ्घर्ष सञ्चालन गर्नु विद्यमान चौथो राजनीतिक क्रान्तिको अनिवार्य आवश्यकता बनेको छ।



अर्कोतिर चीन र भारत तथा चीन र अमेरिका गरी दुई जोडी शक्ति राष्ट्रहरूको बीचमा अवस्थित हाम्रो देश भारत र अमेरिकाको रणनैतिक महत्वको थलो बन्ने गरेको यथार्थ हाम्रो सामु छ। अमेरिका विश्वबाटै कम्युनिष्टहरू र कम्युनिष्ट व्यवस्थालाई समाप्त पार्न चाहन्छ। साम्राज्यवाद र एकाधिकार विदेशी पुँजीका विरोधी कम्युनिष्टहरूको जनतामा पर्ने प्रभावलाई कमजोर पार्नु उसको विश्वव्यापी नीति हो। कम्युनिष्ट व्यवस्था रहेको चीनलाई कमजोर बनाउनु उसको त्यसै नीति अन्तर्गतको एउटा कार्यसूची हो। त्यस्तै नेपालमा लोकप्रिय बन्दै गइरहेको कम्युनिष्ट प्रभाव अमेरिकाको लागि अर्को समस्या बनेको छ। आफ्नो कुटनीतिक पहलकदमी मार्फत आफ्नो योजना सफल पार्न अमेरिका प्रयासरत छ। नेपालका विरुद्ध आफ्नो साझेदार भारतलाई पनि उसले उपयोग गरी रहेको छ।

एकातिर प्राकृतिक संसाधनको प्रचुरता रहेको तर तिनको दोहन हुन नसकिरहेको मुलुक नेपालमा जल-जंगल-भूमि र जडीबुटीहरूको रणनीतिक महत्व माथि भारतीय गिद्धेदृष्टि सन् १९४७ मा भारत अग्रेजी उपनिवेशबाट मुक्त भएदेखिनै परेको हो। 'सुनको चरो' भनिने भारतलाई सक्दो दोहन गरेर अङ्ग्रेजहरू फिर्ता भए पछि स्वतन्त्र भारतले आफ्नो विशालता र कुटीलता दुवैको उपयोग गर्दै नेपाली प्राकृतिक संसाधनलाई कुटनीति एवम् हैकमवादको प्रयोगबाट आफ्नो कब्जामा पार्न सक्दो कोशिश गर्ने र त्यस क्रममा सिक्किमीकरण गर्ने नियतले समेत विभिन्न दाउपेच चलाइरहेको छ। आज नेपालका छ दर्जनभन्दा बढी ठाउमा भारतले अतिक्रमण गरेको छ। विभिन्न नदी-नाला कब्जा गर्न खोज्दै छ। विश्वसाम्राज्यवाद र भारतीय विस्तारवादी रणनैतिक कार्यसूचीलाई लिएर तिनीहरू विरुद्धको हाम्रो सङ्घर्षलाई सुविचारित र योजनाबद्ध ढङ्गले अघि बढाउनु छ। यो सङ्घर्षमा पार्टीले लोकतान्त्रिक गणतन्त्र पक्षधर तथा विभिन्न वर्ग, तह र तप्काका राष्ट्रवादी शक्ति र व्यक्तिहरू, राष्ट्रिय पुँजीपतिहरू र देशभक्त सामन्तहरू समेतलाई सङ्घर्षको मोर्चामा सहभागि बनाउने नीति लिनु पर्दछ।

**दोस्रो,** एकातिर हामीले प्रगतिशील आर्थिक-सामाजिक परिवर्तन, भौतिकवादी वैज्ञानिक दृष्टिकोण र मानिसद्वारा मानिसको शोषण गरिने अमानवीय परिपाटीका विरुद्धको हाम्रो सङ्घर्षलाई असफल बनाउन लागी परेका प्रतिक्रियावादी, यथास्थितिवादी र प्रतिगामीहरूका बिचार र कार्यहरूलाई जनस्तरबाटै परास्त गर्ने उद्देश्यले अनवरत तथा व्यवस्थित रुपले बैचारिक सङ्घर्ष सञ्चालन गर्नु पर्दछ भने अर्कोतिर मुलुक र विश्वकै कम्युनिष्ट

आन्दोलन भित्र कम्युनिष्ट आन्दोलनलाई नै समाप्त पार्ने विचार र प्रवृत्तिका बाहक दक्षिणपन्थी संशोधनवाद र 'वामपन्थी' विचलनवाद विरुद्ध मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ्ग विचारधाराको पथप्रदर्शनमा प्रभावकारी रूपले वैचारिक सङ्घर्ष संचालन गर्नु पर्दछ। पुँजीवादी संसदीय व्यवस्था र पुँजीवादी सुधारको बाटोलाई खुल्ला रूपमा वकालत गर्ने 'युरो कम्युनिज्म' का नेपाली अवतार कम्युनिष्ट पार्टीहरू पनि हाम्रो मुलुकमा छदैछन्। 'कम्युनिष्ट पार्टी'को सङ्केत पार्टी नछाडेका तर शोषक वर्गहरू, संशोधनवाद र परचक्रीको हितमा सेवा पुऱ्याउँदै अझ अगाडि बढेर वैदेशिक तावेदारी गर्ने डफ्फामा परिणत भईसकेका कम्युनिष्ट पार्टीहरू पनि छदैछन्। राष्ट्रघात गर्नसम्म पनि नहच्कने उनीहरूबाट नेपालको क्रान्तिकारी कम्युनिष्ट आन्दोलनलाई निकै हानी पुगेको छ। अहिले उनीहरू नेपालमा राजतन्त्रको अन्त्य भएपछि सामन्तवादको पनि अन्त्य भई नेपाली समाज पूँजीवादी बनिसकेको मनोगतवादी विश्लेषण गर्दै यस उप्रान्त समाजवादी क्रान्ति गर्ने दिशामा अघि बढ्नु पर्ने शिक्षा दिंदै हिंडेका छन्। नेपाली कम्युनिष्ट आन्दोलनको विकृतिकरण र मिथ्याकरण गर्नमा लागि परेका वाम-दक्षिणपन्थी त्यो संशोधनवादी कित्ताले बेला बखत त्यस भित्रका इमान्दार र अधिक सचेत तत्वहरूको तर्फबाट विरोध र आक्रोशको सामना पनि गर्नु परिरहेको छ।

हाम्रो पार्टीको सुस्पष्ट धारणा के रहेको छ भने सामन्ती राजतन्त्र उन्मूलन भई लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन हुन थाले पनि सामन्तवाद तथा साम्राज्यवाद विरोधी क्रान्तिकारी कार्यभारहरू पूर्ण भैसके, नयाँ जनवादी क्रान्ति सम्पन्न भइसक्यो र अव आर्थिक निर्माण गर्दै शान्तिपूर्ण ढङ्गले समाजवादमा संक्रमण गर्ने अवस्था आइसकेको छ भन्नु विल्कुल मनोगतवादी भ्रम र हानीकारक मूल्यांकन मात्र हो। नेकपा (माले) को ठहर छ, नेपालमा पुँजीवादी चरित्रको गणतन्त्र आएको भएता पनि नयाँ जनवादी क्रान्ति सम्पन्न भएको छैन। वस्तुगत योजना बनाउँदै त्यसलाई सम्पन्न गर्नु नेपालका मार्क्सवादी-लेनिनवादीहरूको रणनीतिक लक्ष्य हो। विद्यमान विशिष्ट स्थिति, राजनैतिक सङ्घर्ष सञ्चालनको स्थिति हो। अहिलेको जल्दोबल्दो आवश्यकता भनेको जनान्दोलन र जनसङ्घर्षहरूको माध्यमद्वारा अग्रगामी संविधानकोरूपमा प्राप्त उपलब्धिलाई कार्यान्वयन गर्नु हो। त्यसकारण हामीले माथि उल्लेख गरिए अनुसार दक्षिणपन्थी संशोधनवाद र 'वामपन्थी' विचलनवाद विरुद्ध 'एकता सङ्घर्ष र एकता' को नीति बमोजिम गम्भीर वैचारिक सङ्घर्ष सञ्चालन गर्नु पर्दछ।

**तेस्रो,** सामाजिक परिवर्तनको निम्ति गरिने वर्ग-सङ्घर्षको एउटा महत्वपूर्ण मोर्चा र राजनीतिक सङ्घर्ष संचालन गर्नु पर्ने अर्को मोर्चाको सङ्घर्षलाई हामीले अत्यन्त गम्भिरताकासाथ सञ्चालन गर्न सक्नु पर्दछ। गैरसंसदीय



सङ्घर्षको मोर्चा भनेको पार्टीको विशिष्ठ अर्थात कार्यनीतिक कार्यक्रमका छानिएका मुद्दाहरूमा योजनाबद्ध ढङ्गले स्थानीय, प्रदेश वा राष्ट्रिय स्तरमा राजनीतिक वा वर्गीय सङ्घर्ष सञ्चालन गर्दै तत्काल तिनको कार्यान्वयन गर्ने र आमूल परिवर्तनमा जाने परिवेश निर्माण गर्नु हो। यस्तो उद्देश्य निर्धारण गरे पनि हामीले यो काम सचेतन ढङ्गले गरेका छैनौं। यसबारेमा पार्टीले कार्यशाला संचालन गर्नुपर्छ र विगतको समीक्षाका साथ गैरसंसदीय सङ्घर्ष संचालन गर्ने विषय र तरिकाबारे ठोस निचोड निकाल्नुपर्छ। यो काम गर्दै गैरसंसदीय मोर्चाको कामलाई वढाउन सक्यौं भने मात्र पार्टी जनआधारित र वलियो हुन सक्छ। यस सँगसँगै संसदीय सङ्घर्षलाई पनि पार्टीले महत्वका साथ लिनुपर्छ।

संसदीय मोर्चाको सङ्घर्ष भनेको सङ्घीय एवम् प्रादेशिक संसद, नगर तथा गाउँ पालिकाहरू र जिल्ला समन्वय समितिमा निर्वाचित हुने, ती निकायमा निर्वाचित भएर त्यहिं पार्टीको कार्यनीतिलाई कार्यान्वयन गर्ने सङ्घर्ष गर्दै समाजको आमूल परिवर्तनको निम्ति परिवेश बनाउने सङ्घर्ष गर्नु हो यस मोर्चाको सङ्घर्षलाई संसदीय वुर्जुवा पार्टीहरू र 'वामपंथी पार्टी'हरूले भन्दा भिन्न ढङ्गले संचालन गर्न सक्नुपर्छ। यसको निम्ति पनि पार्टीले कार्याशाला संचालन गर्नुपर्छ। पैसा र पाखुरे बललाई होइन, राजनीति, उम्दा नीतिहरूलाई, जनसेवा एवम् राष्ट्रिय हित रक्षा गर्ने विषयलाई प्राथमिकता दिएर यस मोर्चाको सङ्घर्षमा नयाँपन ल्याउन सक्नुपर्छ। पार्टी सङ्गठनहरू जनस्तरमा गठन गर्न सके, चुनावको वेलामा प्रभावकारी र आकर्षक अजेण्डाहरू निर्धारण गर्न सके एवम् योग्य उमेदवारहरू दिने र प्रभावकारी प्रचार कार्य गर्न सके संसदीय सङ्घर्षबाट पार्टीले चमत्कारी परिणाम ल्याउन सकिन्छ भनी देख्न, बुझ्न र आशावादी भएर काम गर्न अति आवश्यक छ।

दुवै मोर्चामा पार्टीलाई गतिशील बनाई राख्न गैरसंसदीय मोर्चामा क्रियाशील कमरेडहरू र संसदीय मोर्चामा खटिएका कामरेडहरू बीच बाक्लो अन्तर्क्रिया भइरहने वातावरण बनाउनु पर्दछ। जनताका कुरालाई लिएर विभिन्न तहका संसदमा सङ्घर्ष गर्ने र पार्टी नीति अनुरूप विभिन्न तहका सरकारमा सहभागी भएर तिनलाई यथाशक्य संबोधन गर्ने प्रयास गर्न सकिन्छ र गर्नुपर्दछ। विद्यमान शासन व्यवस्थाले जनताका समस्यालाई कति हदसम्म सम्बोधन गर्न सक्छ तथा जनाधिकार र जनजीविकाका सवालहरू नयाँ जनवादी वा जनताको जनवादी व्यवस्थामा कसरी सम्बोधित र समाधान हुनेछन् भन्ने कुरालाई जनता समक्ष प्रष्ट ढङ्गले राख्नु पर्दछ। संसदीय मोर्चाको कामबाट क्रान्तिकारी पार्टीले यस मोर्चाको सीमा, यसको वर्गचरित्र र यसको आमूल परिवर्तन विरोधी चरित्रलाई भण्डाफोर गर्ने कार्य कुशलतापूर्वक गर्न सक्नुपर्दछ।

## ६. हाम्रो रणनीति

क्रान्तिको वर्तमान चरणमा हाम्रो पार्टीको रणनीतिक लक्ष्य नयाँ जनवाद हो । लक्ष्यप्राप्तिको निम्ति त्यसको सेरोफेरोमा रहेर बनाइने योजनाहरू (जस्तै नेतृत्वदायी वर्ग, सहयोगी शक्ति र शत्रु, आदिसम्वन्धी विन्यास तथा शत्रुलाई पराजित गर्ने योजनाहरू) रणनीतिभित्र पर्दछन् । यसबारे हाम्रो दस्तावेजले निम्न कुरा भनेको छ-

**" नयाँ जनवादी क्रान्तिको नेतृत्वदायी वर्ग सर्वहारावर्ग हो । विभिन्नखाले श्रमजीवी वर्ग, विशेषगरी किसान र सहरिया गरिवहरू त्यसका मुख्य संश्रयकारी शक्ति हुन् । निम्नपुँजीपति वर्ग, मध्यमवर्ग, आम रूपमा राष्ट्रिय पुँजीपतिवर्ग, उत्पीडित जाति तथा दलित समुदायहरू** (शिल्पी समुदाय- सं.) **र देशभक्त तप्का क्रान्तिका सहयोगी शक्तिहरू हुन् । क्रान्तिको निसाना आन्तरिक रूपमा सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवाद र बाह्य रूपमा भारतीय क्षेत्रीय प्रभुत्ववाद तथा साम्राज्यवाद, विशेषतः अमेरिकी साम्राज्यवाद हुन् ।**

**देशभित्रका वर्गीय सङ्घर्षहरू, सबै न्यायपूर्ण पेसागत वा सामुदायिक सङ्घर्षहरू, सबैखाले जनवादी आन्दोलनहरू र विभेदका सिकार बनेका जात-जातिहरू, समुदायहरू तथा क्षेत्रहरूका समानता एवं स्वशासन निम्तिका आन्दोलनहरू नयाँ जनवादी क्रान्तिका सहयोगी शक्ति र अभिन्न अङ्ग हुन् ।**

**अन्तर्राष्ट्रिय रूपमा विभिन्न मुलुकका न्यायपूर्ण जनआन्दोलन तथा जनक्रान्तिहरू, समाजवादी आन्दोलन तथा समाजवादी देशहरू एवं समानता र न्यायपूर्ण नयाँ विश्वव्यवस्था, विश्वशान्ति तथा पृथ्वीको पर्यावरण, जैविक विविधता रक्षा निम्तिका आन्दोलनहरू एवं विभिन्न देशका साम्राज्यवादविरोधी आन्दोलनहरू नेपाली क्रान्तिका अन्तर्राष्ट्रिय मित्र शक्तिहरू हुन् ।"** *(नेपाली क्रान्तिको कार्यक्रम : नयाँ जनवादबाट ।)*

## ७. तत्कालिक कार्यनीति

माथि नै उल्लेख गरियो रणनीतिक लक्ष्यप्राप्तिको दिशामा सहयोग गर्नका निम्ति तत्कालिक कार्यनीतिको निर्माण गरिन्छ । थुप्रै कार्यनीतिक योजनाको कार्यान्वयन र आमूल परिवर्तन गर्ने राजनीतिक परिवेशको निर्माणले मात्र रणनैतिक लक्ष्यसम्म पुऱ्याउँछ ।

वि.सं. २०६२/६३ मा सञ्चालित व्यापक संयुक्त जनआन्दोलनको



सफलताले हाम्रो समाजलाई थप अग्रगामी परिवर्तनको अवस्थामा पुऱ्याई दिएको छ । जननिर्वाचित संविधानसभाद्वारा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण भई लागु गरिनुले मुलुकमा युगान्तकारी परिवर्तन हुनुका साथै नयाँ जनवादी अर्थात जनताको जनवादी क्रान्तिका निम्ति अनुकूलताहरू बढाइदिएको छ ।

यस्तो अवस्थामा संयुक्त जनआन्दोलन र तेस्रो राजनीतिक क्रान्तिका प्रगतिशील उपलब्धीहरूलाई समेटेको नयाँ संविधानलाई कार्यान्वयन गर्ने उद्देश्यले आफ्ना गतिविधिहरूलाई केन्द्रित गर्नु र वर्तमान संविधानले समेट्न नसकेका सामाजिक, आर्थिक र राष्ट्रियताका विषयहरूलाई संविधानमा समेट्ने उद्देश्यले सङ्घर्ष गर्नु आज पार्टीको क्रान्तिकारी कार्यनीतिको सवभन्दा महत्वपूर्ण पक्ष हो । वर्गसङ्घर्षलाई मूल कडी बनाउँदै जनसङ्घर्ष तथा राजनीतिक सङ्घर्ष सञ्चालन गर्नु, संसदीय मोर्चाबाट जनताको पक्षमा समेत प्रभावकारी काम र सङ्घर्ष गर्नु र त्यसको सीमालाई कुशलतापूर्वक भण्डाफोर गर्नु पार्टीको तत्कालिक कार्यनीति हो । राजनीतिक कार्यदिशाको भार होः उल्लेखित शत्रु वर्गहरू विरुद्ध अग्रगामी सामाजिक-आर्थिक परिवर्तनको निम्ति सङ्घर्ष गर्नु र समाजलाई आमूल परिवर्तन तर्फ अघि वढाउनु । विद्यमान परिवर्तित परिस्थितिमा हामीले पार्टीको तत्कालिक कार्यनीतिक कार्यभारलाई निम्नानुसार सूत्रबद्ध गर्दछौं ।

### ७.१ राष्ट्रियताका विषयहरू र परराष्ट्र नीति :

आफ्नो विशिष्ट एवम् अत्यन्त संवेदनशील भूराजनीतिक अवस्थितिमा असंलग्नता र तटस्थता नेपालको अस्तित्व रक्षा र स्वतन्त्रता, सार्वभौमसत्ता तथा भूअखण्डताको निम्ति अपरिहार्य माध्यम हो । सार्वभौम जनताको सार्वभौमसत्तासम्पन्न राष्ट्र नेपालले अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा असंलग्न, तटस्थ तथा समसामिप्यताको नीति र पञ्चशीलको आधारमा अन्य मुलुकहरूसँगको आफ्नो मैत्री सम्बन्धलाई उन्नत र विस्तार गर्न एवम् देशको स्वतन्त्रतालाई सवल बनाउनको निम्ति निम्न कामहरू गर्नु पर्दछ :

**७.१.१.** भारतसँग गरिएका १९५० को 'शान्ति तथा मैत्री' सन्धि र महाकाली सन्धिलगायत अन्य असमान सन्धि सम्झौताहरूलाई विस्थापित गरी तिनको ठाउँमा पञ्चशीलको आधारमा नेपालका राष्ट्रिय हितहरूको रक्षा गर्ने गरी नयाँ सन्धि-सम्झौताहरू गरिनुपर्छ ।

**७.१.२.** सुदूर पश्चिममा सुगौली सन्धि अनुसार लिम्पियाधुराबाट निस्किएको काली नदी पूर्वको भारतद्वारा अतिक्रमित लगभग २५३ वर्ग माइल

भूमि र दक्षिणको सुस्ताक्षेत्रमा रहेको सीमा अतिक्रमण तथा नेपाल-भारत सीमाको ६ दर्जन भन्दा बढी स्थानमा रहेका सीमा अतिक्रमण र अस्पष्टताहरूलाई ऐतिहासिक नाप-नक्सा, रेकर्ड, वस्तुतथ्यहरू र अन्तर्राष्ट्रिय मान्यताहरूको आधारमा समाधान गर्ने कामको निम्ति जनसङ्घर्ष र वार्ता सँगसँगै गर्नुको अतिरिक्त सिमा अतिक्रमणलाई रोक्ने प्रभावकारी कदम अविलम्व चाल्नु पर्छ ।

**७.१.३.** नेपालले पञ्चशीलका सिद्धान्तहरूको आधारमा नजिक वा टाढाका सवै राष्ट्रहरूसँग कायम रहेको कूटनीतिक सम्बन्धलाई बढाउनु पर्छ । कूटनैतिक सम्बन्धको अन्तर्राष्ट्रिय मापदण्डलाई कार्यान्वयन गर्नुपर्छ र कुनै पनि देशलाई नेपालको आन्तरिक मामिलामा दक्खल गर्ने मौका र छुट दिइनु हुँदैन ।

**७.१.४.** नेपालले आफ्ना दुवै छिमेकी मुलुकहरू जनगणतन्त्र चीन र गणतन्त्र भारतसँगका राजनीतिक सम्बन्ध र सहयोग आदान-प्रदानलाई असंलग्नता र समसामिप्यताको आधारमा आफ्ना हितहरूलाई सर्वोपरि राख्दै समान महत्व दिनुपर्दछ । यी दुवै छिमेकी मुलुकहरू विरूद्ध नेपाली भूमिको दुरूपयोग हुन दिनु हुँदैन ।

**७.१.५.** एक चीनको नीति र तिब्बतलाई जनगणतन्त्र चीनको अभिन्न अङ्ग मान्ने नीतिप्रतिको समर्थनलाई नेपालले दृढताका साथ समर्थन गरि आएको छ र गर्दै रहनु पर्दछ । स्वतन्त्र भारतको अखण्डतालाई नेपालले सम्मान र समर्थन गर्दै आएको छ र गर्दै रहनेछ । नेपालले पनि पञ्चशीलको सिद्धान्तका आधारमा छिमेकी मुलुकहरूबाट समान व्यवहारको अपेक्षा गर्दछ ।

**७.१.६.** नेपालले असंलग्न आन्दोलन, विश्व एवं क्षेत्रीय शान्ति, न्यायपूर्ण विश्व व्यवस्थाको निर्माण, सवै मुलुकको समानता र स्वतन्त्रता, भू-परिवेष्ठित एवं विकासशील देशहरूको हित रक्षा गर्ने नीतिलाई निरन्तरता दिनुपर्दछ । अन्तर्राष्ट्रिय क्षेत्रमा विस्तारवाद, साम्राज्यवाद, प्रभुत्ववाद, नवउपनिवेशवाद र शक्ति-राजनीतिको विरोध गरिनुपर्छ ।

**७.१.७.** नेपालको अर्थ-राजनीतिक सार्वभौमिकतालाई आँच आउने गरी विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, एसियाली विकास ब्याङ्क, विश्व व्यापार सङ्गठन (WTO) अन्य दातृ राष्ट्र र संङ्घसंस्थाहरूबाट हुने सबै प्रकारका दक्खल र हस्तक्षेपको विरोध गरिनु पर्छ । तिनीहरूसँग गरिने सबै व्यवहार राष्ट्रिय हितअनुकुल र पारदर्शी हुनु पर्दछ ।

**७.१.८.** विदेशी गैरसरकारी संस्था मार्फत हुने साम्राज्यवादी तथा विस्तारवादी घुसपैठलाई प्रभावकारी ढङ्गले रोकिनुपर्दछ ।

**७.१.९.** नेपालको परराष्ट्र नीति, राष्ट्रिय सुरक्षा, जलस्रोतको बहुउद्देश्यीय



र बहुपक्षीय उपयोग जस्ता विशेष महत्वका राष्ट्रिय सवालमा व्यापक राष्ट्रिय हितका लागि सहमतिको खोजी गरिनु पर्दछ ।

### ७.२ नागरिकता सम्बन्धी नीति :

**७.२.१.** राष्ट्रका नागरिकहरूलाई प्रमाणित गर्ने काम देशको स्थिरता, स्वतन्त्रता एवं सार्वभौमसत्तासँग सम्बन्धित विषय हो । दुईतिर विशाल जनसंङख्या भएका मुलुक छिमेकी रहेको र दक्षिणी छिमेकी भारतसँगको तीनतिरको अन्तर्राष्ट्रिय सीमाना खुल्ला रहेको मध्यम आकारको नेपालले नागरिकताको सम्बन्धमा अनुदार र कठोर नीति अपनाउनुपर्छ । जन्मको आधारमा होइन, वंशजको आधारमा नागरिकता दिने नीति कायम गरिनु पर्दछ ।

**७.२.२.** मिति २०४६ सालको चैत्र मसान्तभित्र जन्मेर नेपालमै स्थायी बसोबास गर्दै आएका व्यक्तिले लिएको जन्मसिद्ध नागरिकताहरूको छानविन गर्ने आयोग बनाई त्यस अबधिमा गैर नेपालीहरूले कागजपत्र मिलाई लिएका र उजुरी परेका नागरिकताको छानविन गर्ने तथा त्यसरी कागज मिलाई लिएका नागरिकताहरू रद्द गरिनु पर्दछ तथा दोषी व्यक्तिहरूलाई दण्डीत गरिनु पर्दछ ।

**७.२.३.** नेपालमा बसी कुनै पनि वैध व्यवसाय गर्न इच्छुक विदेशी नागरिकहरूलाई 'कार्य अनुमति पत्र' दिने व्यवस्था गरिनुपर्छ । नेपालमा बसी यसरी काम गर्ने विदेशीहरूले नेपालको कानुनभित्र रही आर्जित गरेको सम्पत्तिको भोगचलन गर्न र आफ्नो मुलुकमा लान सक्ने व्यवस्था गरिनु पर्छ ।

**७.२.४.** नागरिकता सम्बन्धी उपर्युक्त नीतिहरूलाई कार्यान्वयन गर्दा नेपाल-भारत अन्तर्राष्ट्रिय सीमानाको दुवैपट्टि वस्ने नेपालीहरू र भारतीय नागरिकहरू बीचको सम्पर्क एवं सम्बन्धलाई सहज र व्यवस्थित बनाउनको निम्ति स्थानीय अधिकारीद्वारा प्रदान गरिने यात्रा अनुमतिपत्रको व्यवस्था गरिनु पर्दछ । यसप्रकार नेपाल-भारत खुला सीमानालाई नियमन गर्ने काम तत्कालै देखि थालिनु पर्छ ।

**७.२.५.** राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, प्रधान न्यायाधीश, न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष तथा उपाध्यक्ष, सङ्घीय मन्त्रीहरू, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुख पदहरू बाहेकका संवैधानिक निकायहरूमा अंगिकृत नागरिक बनेको १० वर्ष पछि मात्र निजहरूले प्रवेश पाउने गरी कानुनी व्यवस्था गरिनु पर्दछ ।

### ७.३ विकासका पूर्वाधारहरू :

नेपाल प्राकृतिक साधन-स्रोतहरूमा धनी देश हो । दूरदृष्टि र फराकिलो विचार राखी, जनतालाई समृद्ध र राष्ट्रलाई समुन्नत एवं बलियो बनाउने उद्देश्य

लिई त्याग र संङ्कल्पकासाथ काम गर्ने हो भने हाम्रोसँग विकासका प्रचुर संभावनाहरू रहेका छन् ।

**७.३.१** हाम्रो देशका ६ हजार नदिनालाहरू निरन्तर स्वच्छ जलका अजस्र श्रोत रहनुले जलविद्युत तथा सिंचाई तथा पीउने पानीको प्रचुर सम्भावना समेत रहेको छ । सम्बन्धित विज्ञहरूका अनुसार हाम्रो देशमा उपलब्ध जलश्रोतबाट ८३ हजार मेघावाट विद्युत उत्पादन गर्न सकिन्छ । ४० हजार मेघावाट जलविद्युत परियोजनाहरूको त प्रारम्भिक आर्थिक संभाव्यता अध्ययन नै गरिएको छ । सन् १९११ मा ५०० किलोवाटको फर्पीङ्ग विद्युत योजना शुरु गरेर उर्जा उत्पादनमा प्रवेश गरेका हामीहरूले त्यस पछिका १०५ बर्षमा जम्मा ६९० मेघावाट जलविद्युत उत्पादन गर्न सकेका छौं । विद्युतमा जम्मा ४० प्रतिशत जनताको पहुँच पुगेको छ । बर्षेनी ७ -९ प्रतिशतका दरले विद्युत माँग बढ्दो छ । माँग धान्न नसक्दा हामीले दैनिक १५-१६ घण्टा सम्म लोडसेडीङ्गको मार खेप्नु परि रहेको छ । विद्युत उपलब्ध नहुँदा उद्योगधन्दा र कलकारखानाको विकास हुन सकेको छैन, आवश्यक सिंचाई सुविधा नहुँदा कृषि उत्पादन बढाउन सकिएको छैन, जनताको दैनन्दिनी समस्याग्रस्त बनेको छ । हामीसँग २६ लाख ४१ हजार हेक्टर खेति योग्य भूमि रहेता पनि जम्मा ३ लाख ५० हजार हेक्टरमा मात्र बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन सकेका छौं । १० लाख हेक्टरमा सिंचाई सुविधा (कुलो) उपलब्ध छ तर बाह्रै महिनाको निम्ति पानी उपलब्ध गराउन सकेका छैनौं भने लगभग ५० प्रतिशत खेतियोग्य भूभाग पूर्णरूपले सुक्खा रहेको छ । अतः जलविद्युतको उत्पादन तथा प्रयोग पछि मात्र निर्यात व्यापार तर्फ लाग्नुपर्छ । यसैगरि मुलुकको खेतियोग्य समस्त भूभागमा आवश्यक सिंचाईको प्रभावकारी नीति र योजना बनाईनु पर्दछ ।

**७.३.२** संसारका १० वटा सर्वोच्च हिमशिखरहरू मध्ये ८ हिमशिखरहरू नेपाल मै हुनुका साथै पचासौं सानाठूला हिमशिखरहरूको उपस्थितिले हाम्रो देश पर्वतारोहणको निम्ति संसार कै धनी देश रहेको छ । हामीले प्राकृतिक सुन्दरताले परिपूर्ण धरती पाएका छौं । जसले गर्दा पर्यटन उद्योगको विकासको निम्ति प्रचुर सम्भावनाहरू विद्यमान रहेका छन् । समुचित व्यवस्थापन नहुँदा पर्यटकहरूको आवागमन बढाउन सकिएको छैन । हाम्रो देशमा पर्या पर्याटन, साहसिक पर्यटन, धार्मिक-साँस्कृतिक-ऐतिहासिक पर्यटन, ट्रेकिङ्ग-हाइकिङ्ग, मेडिकल पर्यटन आदिको पर्याप्त संभावना छ । यसलाई दोहन गर्ने पार्टीको नीति रहेको छ ।

**७.३.३** हाम्रो देशमा ७००० प्रकारका फूल फूल्ने र फूल नफूल्ने बनस्पतिहरू पाईन्छन् । बन विस्तार र संरक्षणमा पर्याप्त ध्यान पुऱ्याउने हो भने बन जंगलबाट



मनग्ये लाभ लिन सक्दछौं । हाम्रो बन सम्पदा काठ-पात र फल-फूलको मात्र श्रोत नभएर जडिबुटीको पनि विशाल भण्डार रहेको छ । यहाँ १५०० प्रकारका औषधि जन्य वनस्पतिहरू पाइन्छन् । २०० प्रकारका वनस्पतिजन्य जडीबुटीको वैज्ञानिक परिक्षण गरी औषधिको निम्ति उपयोगी ठहऱ्याईएका छन् । १५० प्रंकारका जडिबुटीको त व्यापार नै गर्ने गरिएको छ । यसैगरी उच्च पहाडी र हिमाली क्षेत्रमा पाईने जडिबुटीहरू कच्चामालको रूपमा निकासी गर्ने गरिन्छ । बर्षेनी २०,००० म्याट्रिकटन जडिबुटी संकलन हुने गरेको तथ्यांकहरूले बताउँछन् । तर कच्चामाल निर्यात गरी त्यसैबाट विदेशमा बनेका महङ्गा औषधि किन्न हामी बाध्य छौं । अतः जडीवुटी तथा फलफूलको उत्पादन, वजारीकरण, प्रशोधन र तिनमा आधारित उद्योग व्यवसाय प्रवर्द्धनमा जोड दिने पार्टीको नीति रहेको छ ।

**७.३.४** हाल सम्मको अध्ययनले नेपालमा धातु खनिज, औद्योगिक खनिज, रत्न पत्थर, निर्माणजन्य खनिज, पेट्रोलियम तथा ग्यासको प्रशस्त संभावना देखिएको छ । हाम्रो देशका धेरै स्थानमा फलाम, तामा, कोईला, टंगस्टीन, सुन, युरेनियम, चुनढुंगा जस्ता खनिजहरू रहेका छन् । बहुजातीय जनशक्तिको उपस्थितिले गर्दा हामीलाई समृद्धिको निम्ति आवश्यक पर्ने श्रम र शिप पर्याप्त उपलब्ध छ । तर ऐतिहासिक तथा सांस्कृतिक सम्पदाहरू, प्राकृतिक श्रोतहरू तथा मानवीय जोश-जाँगर-बुद्धि-विवेक-सिप र बहादुरीले परिपूर्ण हामी नेपालीहरू आज साम्राज्यवादी र विस्तारवादीहरूका स्वार्थपूर्ति गर्ने उद्धेश्यको निम्ति परिचालित तावेदारहरूका योजना र चालमा फँस्न बाध्य बनाइएका छौं । त्यसकारण हामीले त्यस्ता योजना र चाललाई परास्त गर्दै स्वाधिनतापूर्वक हाम्रो समृद्ध भविश्य निर्माणका निम्ति तत्कालैदेखि खनिज पदार्थ र खानीको सुरक्षा, राष्ट्रिय हितमा तिनको प्रयोगलाई जोड दिईनु पर्दछ । तिनको प्रशोधन र व्यापारमा समेत जोड दिईनु पर्दछ ।

### ७.४. विकास सम्बन्धी नीतिहरू :

**७.४.१.** तराईदेखि हिमालसम्म देशको सम्पूर्ण भूमिलाई वैज्ञानिक ढङ्गले उपयोग गर्ने नीति र योजना बनाइनु पर्छ । माटो बग्ने भिरालो जमीनमा जोत्नु-खन्नु नपर्ने जडीबुटी, फलफूल, व्यापारिक महत्वका बनस्पति, झाडी एवं वृक्षहरू लगाउने र असुरक्षित एवं सुविधाहिन ढङ्गले पहाडमा छरिएका घरहरूलाई उपयुक्त ठाउँमा सार्दै ग्रामीण नगरहरू स्थापना गरी नगरीय सुविधाहरू पुऱ्याउने काम गरिनुपर्छ ।

**७.४.२.** भूउपयोगको योजनालाई कार्यान्वयन गर्ने क्रममा पहाडको मुखदेखि सुरू गरी भू-नियन्त्रण, भूमिउद्धार, कृषि, वसोवास आदि बहुद्देश्यीय

योजनाका साथ नदी नियन्त्रण योजना कार्यान्वयन गरिनुपर्दछ । यसबाट भूमिहीन, सुकुम्बासी र वेरोजगारहरूलाई आवास र रोजगारी प्रदान गर्न सकिने छ र गरिबी निवारणमा व्यापक सहयोग प्राप्त हुनेछ ।

**७.४.३.** नेपालमा पर्याप्त उर्जा उत्पादनका निम्ति साना तथा मझ्यौला जलविद्युत आयोजनाहरूलाई व्यक्तिगत र सहकारीहरूको माध्यमबाट व्यापक रूपले सञ्चालन गरिनु पर्दछ तथा सौर्य, वायु र वायोउर्जाको दोहनलाई व्यापक पारिनुपर्छ ।

**७.४.४.** पूर्व-पश्चिम राष्ट्रिय नहर र उपत्यका सिंचाई नहरहरूको निर्माण गरेर योजनाबद्ध ढङ्गले तराई र उपत्यकाको कृषि योग्य भूमिमा पर्याप्त सिंचाई सुविधा उपलब्ध गराउनु पर्दछ ।

**७.४.५.** हाम्रो देशको भू-गर्भमा रहेका खनिजहरूलाई जनताको आवश्यकता र देश विकासको पक्षमा उपयोग गर्नु अति आवश्यक छ। तसर्थ खानीहरूको अन्वेषण र सञ्चालन हाम्रो मुलुकको अनिवार्य वर्तमान आवश्यकता हो । तदनुकूल ठोस नीति अविलम्व निर्माण गरी खानीहरूको व्यवस्थित रूपमा सञ्चालन गरिनु पर्दछ ।

**७.४.६.** पहाड र तराईका रूखा र सुखा ठाउँमा पनि हुर्किन र फल्न सक्ने सरूवा (कदम/सजिवन)को किसान र सहकारीमार्फत व्यापारिक खेतीगरेर, त्यसको दानाबाट तेल निकाल्ने र त्यसलाई प्रशोधन गरी पेट्रोलियम पदार्थमा उपयुक्त मात्रामा मिलाई इन्धनको रूपमा प्रयोग गर्ने अर्थात वायो-पेट्रोलियम उत्पादन र प्रयोग गर्ने नीति लिनु पर्दछ ।

**७.४.७.** विकासको ठूलो पूर्वाधार यातायात हो । तराईमा हुलाकी राजमार्ग र पहाडमा मध्यपहाडी पूर्व-पश्चिम राजमार्गहरू खोलिनुपर्छ र मध्य पहाडी राजमार्गहरू एवं उत्तर-दक्षिण मार्गहरूलाई उपयोग गर्ने गरी पहाडी क्षेत्रमा योजनावद्ध ढङ्गले १५/२० वटा व्यवसायिक नगरहरू निर्माण गरिनु पर्दछ ।

**७.४.८.** पहाड र तराई जोडिने भागको छेउबाट पूर्व-पश्चिम विद्युतीय रेल प्रारम्भ गर्नुका साथै विद्युतीय ट्राम सेवाको विकास र मध्य पहाडी रेल यातायातको विकास गर्ने नीति लिईनु पर्दछ । तराईको हुलाकी राजमार्ग निर्माणलाई यथाशीघ्र पूर्णता दिनुपर्छ ।

**७.४.९.** देशभरिमा हरेक सङ्घीय प्रदेशबाट गुज्रने र दुवै छिमेकी देशका सीमानामा पुग्ने उत्तर-दक्षिण राजमार्गहरूको निर्माण गरिनुपर्दछ । तिनलाई तिब्बतका विभिन्न दक्षिणी विन्दुहरूसँग आइपुग्ने रेलमार्गका टर्मिनलहरूसँग जोड्नु पर्दछ ।



**७.४.१०.** काठमाण्डौलाई तराईसँग जोड्ने द्रुतमार्ग र सुरूङमार्गको साथै यहाँबाट चारै दिशातर्फ जाने थप मार्गहरूको निर्माण गरिनुपर्छ । रणनीतिक महत्वका द्रुतमार्ग र अन्य मार्गहरू नेपालीहरू आफैले निर्माण गर्ने नीति लिनुपर्छ ।

**७.४.११.** पहाडी क्षेत्रमा सामानहरूको ढुवानीको निम्ति रज्जुमार्ग (रोपवे) र यातायातको निम्ति केवलकारको निर्माण तथा सञ्चालन गरिनु पर्दछ । यसले पर्यटनवृद्धिको साथै पहाडी र बसोबासका हिमालीक्षेत्रको विकासमा ठूलो योगदान गर्नेछ ।

**७.४.१२.** नेपालमा उच्चशिक्षा, आधुनिक र उन्नत स्वास्थ्य सेवा र वृद्धाश्रमको निम्ति धेरै केन्द्रहरू विकास गरी यस्ता केन्द्रहरूमा विदेशीहरूलाई पनि अध्ययन-अनुसन्धान, स्वास्थ्यलाभ र विश्रामको निम्ति आकर्षित गरिनुपर्छ ।

**७.४.१३.** नेपालका उच्च पहाडी भाग र हिमाली क्षेत्रमा व्यापक रूपमा जडीबुटीहरूको खेती गरी तिनमा आधारित औषधी उद्योगलाई प्रोत्साहित गरिनुपर्दछ । कच्चा जडिबुटीको निर्यात नगरी जडिबुटीबाट औषधि उत्पादन गर्ने नीति लिनु पर्दछ ।

**७.४.१४.** उत्तरको छिमेकी मुलुक चीनसँगको व्यापारलाई बढाउनुका साथै देशका विभिन्न स्थानमा विशेष आर्थिक क्षेत्र स्थापना गरी नेपाललाई चीन र भारत बीचको व्यापारमाध्यमको रूपमा विकास गरिनुपर्दछ ।

**७.४.१५.** मुलुकमा फलाम लगायत अन्य खानी संचालन गर्ने, पेट्रोलियमको खोजी र संभव ठाउँमा पेट्रोलियम खानी संचालन गर्ने काममा चीनको समेत सहयोग प्राप्त गर्दै नेपाल-चीनमाझ दीर्घकालीन सम्झौता गरी चीनको तिब्बतबाट पेट्रोलियम पदार्थको पाइप-लाइन खोलिनु पर्दछ र उर्जा आपूर्तिको विविधीकरण गरिनुपर्दछ ।

**७.४.१६.** आफ्नो आवश्यकता परिपूर्तिलाई सहज बनाउन विश्व बजारमा पहुँच हुनु नेपालको आवश्यकता हो । त्यसकारण विश्वका विभिन्न मुलुकसँग बाणिज्य सन्धी गरिनु पर्दछ ।

**७.४.१७.** जल, जमिन, जंगल, जडिबुटी, खनिज तथा पेट्रोलियम पदार्थ जस्ता प्राकृतिक सम्पदामा आधारित विकास परियोजनामा स्थानीय जनसमुदायलाई निश्चित प्रतिशत स्वामित्व प्रदान गरिनु पर्दछ ।

## ८. अग्रगामी आर्थिक-सामाजिक परिवर्तनका नीतिहरू

नेकपा (माले) जनताका अपेक्षालाई पूरा गर्नका निम्ति हरदम क्रियाशील रहिआएको छ । अग्रगामी सामाजिक-आर्थिक परिवर्तनलाई कार्यान्वन गर्नु लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माण पश्चात्को यस अवधिमा पार्टीको

कार्यनीतिक कार्यदिशा हुनेछ। यस सन्दर्भमा पार्टीको कार्यनीतिक कार्यक्रम निम्नानुसार निर्धारण गरिएको छ, जसको कार्यान्वयनको निम्ति पार्टीले सबै मोर्चाबाट नेतृत्व लिने छ।

**८.१. आर्थिक नीतिहरू :** नेपाल एउटा अर्द्धसामन्ती र अर्द्धऔपनिवेशिक, पछौटे उत्पादनप्रणाली भएको मुलुक भएकोले सबैखाले बन्धन र नियन्त्रणबाट मुक्त हुन मुलुकले स्वाधिन तथा आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको नीति अवलम्बन गर्नु पर्दछ ।

**८.१.१.** विश्वका विभिन्न देशहरू बजारमुखी तथा नवउपनिवेशवादी अर्थतन्त्रबाट नियन्त्रित भइरहेका तथ्य र उदाहरण समेत हामी समक्ष रहेको परिप्रेक्ष्यमा अग्रगामी आर्थिक विकास गर्दा हाम्रो मुलुकको अर्थतन्त्र स्वाधिन नै रहनु पर्दछ। नेपालको अर्थतन्त्र कुनै विदेशी अर्थतन्त्र तथा अन्तर्राष्ट्रिय आर्थिक निकायका नियन्त्रणकारी नीतिहरूद्वारा निर्देशित हुनु हुँदैन। यदि यसो भयो भने प्रकारान्तरले देश आर्थिक रूपबाट परनिर्भर हुँदै राजनीतिक रूपले समेत परनिर्देशित हुन पुग्दछ। तसर्थ स्वाधिन, स्वावलम्वी र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नुपर्दछ।

**८.१.२.** आर्थिक विकासमा राज्यको भूमिकालाई प्राथमिकता दिई वर्तमान अवस्थामा सार्वजनिक, सहकारी र स्वदेशी नीजी क्षेत्रलाई पनि उचित प्रश्रय र प्रोत्साहन दिएर प्रगतिशील मिश्रित अर्थव्यवस्था अगाडि बढाइनु पर्दछ। मुलुकको विकासको लागि अर्थतन्त्रमा नीजि क्षेत्रको भूमिकालाई नकार्ने अवस्था आउँदैन। तर, नेपालकै स्रोत र साधन प्राप्त गर्ने सम्भावना रहँदा रहँदै पनि कच्चा मालसमेत विदेशबाट आयात गरी उपभोग्य वस्तुहरू उत्पादन गर्ने र त्यसरी उत्पादित बस्तुहरूको बजार नेपाल नै बन्नु पर्ने तर नाफा भने नीजिरूपमा लगानी गर्ने बहुराष्ट्रिय कम्पनि, विदेशी पुँजीपति तथा दलाल पुँजीपतिहरूको खल्तीमा जाने हुनाले नेपालको स्वाधिन आर्थिक विकासमा त्यसले बाधा पुऱ्याएको छ। त्यसकारण स्थानीय सामर्थ्य, साधन र स्रोतको अधिकतम परिचालन गरिनु पर्दछ। दलाल पुँजीवादलाई समाप्त गर्नु पर्दछ।

**८.१.३.** जनताका आधारभूत आवश्यकताका वस्तुको उत्पादन र सेवालाई नीजीकरण गर्ने नीतिको अन्त्य हुनु पर्दछ।

**८.१.४.** राष्ट्रिय उद्योगधन्धालाई धराशायी तुल्याउने साम्राज्यवादी तथा एकाधिकार विदेशी पुँजीवादी अनुकूलका नवउदारवादी सर्तहरूको अन्त्य गरिनु पर्छ।

**८.१.५.** राज्यको अर्थतन्त्रमा सहकारी र सामूहिक उत्पादनप्रणालीलाई विशेष प्रोत्साहन र सहुलियत दिइनु पर्दछ।



**८.२. पर्यटन सम्बन्धी नीतिहरू :**

मुलुकलाई अग्रगामी परिवर्तनतिर लैजान आर्थिक स्वावलम्वनको प्रभावकारी नीति लिनु आजको एउटा प्रमुख कार्यसूची हो। प्राकृतिक रूपले प्रचुर सम्भाव्यता लिएको र स्वदेशी रोजगारीका अवसरहरू सृजना हुन सक्ने पर्याप्त संभावना समेत रहेको नेपालको पर्यटनक्षेत्रको विस्तार र आवश्यक विकास मुलुकको प्राथमिकतायुक्त क्षेत्र हो।

**८.२.१.** मुलुकको आर्थिक स्वावलम्वन बढाउन र स्वदेशमै रोजगारीका पर्याप्त अवसर सृजना गर्न वहुपक्षीय पर्यटन क्षेत्रको व्यवस्थित विकासका लागि प्राथमिकताका साथ नीति निर्धारण गर्नु पर्दछ।

**८.२.२.** संसारको सर्वोच्च शिखर सगरमाथा र विभिन्न उच्च हिमश्रृङ्खला विदेशी पर्यटकको पर्वतारोहणका आकर्षणकेन्द्र हुन्। त्यसकारण यस क्षेत्रको उचित व्यवस्थापन गरिनु पर्दछ। पर्वतारोहणका निम्ति सबै हिमश्रृङ्खलाहरू खोलिनु पर्छ।

**८.२.३.** यहाँ शान्तिका प्रतीक गौतमबुद्धको जन्मथलो लुम्बिनी रहेको छ। यहीं सीताको जन्मथलो जनकपुरका साथै, पशुपतिनाथ, मुक्तिनाथ, गोसाइँकुण्ड, खप्तडक्षेत्र, राराक्षेत्र, स्वर्गद्वारी, रूरूक्षेत्र, वाल्मिकीक्षेत्र, बराहक्षेत्र, पाथिभरा लगायत ऐतिहासिक र सांस्कृतिक एवं प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरू रहेका छन्। यी स्थलहरूमा सुरक्षा र पर्यटकीय सुविधा बढाउनेतर्फ विशेष ध्यान केन्द्रित गरिनु पर्दछ। साथै नेपालका सबै पुरातात्विक महत्वका स्थलहरू र पुराना सामग्रीहरूको संरक्षण गरिनु पर्दछ। ऐतिहासिक स्थलहरूलाई पर्यटकीय स्थल बनाउने नीति लिइनु पर्दछ।

**८.२.४.** नेपालमा उल्लेख्य सङ्ख्यामा रहेका ताल-तलैयाहरू, प्राकृतिक दृश्यावलोकनका लागि पर्याप्त सङ्ख्यामा रहेका महत्वपूर्ण स्थलहरू, सिमसार तथा वन्यजन्तु आरक्षहरू लगायतका प्राकृतिक साधनश्रोतको दिगो वैज्ञानिक संरक्षण तथा विकास गरिनु पर्दछ।

**८.२.५.** प्यारा ग्लाइडिङ्ग, गल्फ, बञ्जिजम्प, कान्योनिङ्ग (canyoning), ट्रेकिङ्ग र ऱ्याफ्टीङ्ग पर्यटकीय आकर्षणका विषयहरू हुन्। यिनको उचित व्यवस्थापन र विस्तार गरिनु पर्दछ। मेडिकल पर्यटनको संभावनालाई पनि दोहन गर्न सक्नुपर्छ।

**८.३. उद्योग तथा वाणिज्य नीति :**

औद्योगिक विकास, संरक्षण र व्यवस्थापन आर्थिक क्रान्तिको निम्ति अनिवार्य आवश्यकता हो। राष्ट्रिय पुँजीपतिद्वारा सञ्चालित केही उद्योग व्यवसाय रहेपनि मुलुकको उद्योग धन्धाको ठूलो हिस्सा दलाल तथा एकाधिकार

विदेशी पुँजीपतिको हातमा अथवा उनीहरूको नियन्त्रणमा रहेको छ। यस्तो दयनीय अवस्थाबाट नेपाली औद्योगिक क्षेत्रलाई मुक्त पार्नु र औद्योगिक एवं प्राविधिक क्रान्तिको समयवद्ध कार्यक्रम ल्याउनु आजको आवश्यकता हो। अग्रगामी परिवर्तनको ध्येयलाई पूरा गर्न निम्नानुसारको उद्योग तथा वाणिज्य सम्वन्धि नीति लिनु पर्दछ :-

**८.३.१. उद्योग नीति :**

**८.३.१.१.** सार्वजनिक क्षेत्रमा जनताका उपभोग्य वस्तुहरू उत्पादन गर्ने उद्योगहरू खोलिनु पर्दछ। सार्वजनिक क्षेत्रका रुग्ण उद्योगहरूलाई अविलम्व सञ्चालन गरिनु पर्दछ।

**८.३.१.२.** कृषि, वन, जल, खानी तथा खनिज, जडिबुटी र पर्यटनमा आधारित उद्योगहरूको स्थापना र सञ्चालनलाई राज्यले सर्वाधिक प्राथमिकता दिनु पर्दछ। आफ्नै श्रोत र साधनमा आधारित मातृउद्योग, मझ्यौला र ठूलाउद्योग स्थापना र विकासमा राज्यले विशेष नीति निर्माण गर्नु पर्दछ।

**८.३.१.३.** देशमा रहेका लगभग दुई लाख घरेलु, साना र मझौला उद्योग-धन्धालाई विशेष सहुलियत र सुविधा प्रदान गर्नुका साथै परम्परागत सीप र प्रविधिलाई संरक्षण र समयानुकुल परिमार्जन गरिनु पर्दछ।

**८.३.१.४.** उत्पादनका साधनमा श्रमिकको साझेदारीले उत्पादकत्वमा वृद्धि हुन जान्छ। तसर्थ श्रमिकहरूलाई कानुनले तोके बमोजिम सम्बन्धित उत्पादन इकाईको निश्चित शेयर खरिद गर्न पाउने अग्राधिकार सुनिश्चित गरिनु पर्दछ।

**८.३.१.५.**समयवद्ध नीति तर्जुमा गर्दै देशभरी उद्योगधन्धाको विकासको निम्ति विद्युत, यातायात र सञ्चारको सञ्जाल पुऱ्याउनु पर्दछ।

**८.३.१.६.** आन्तरिक खपतमा आधारित मझौला, साना र लघु जलविद्युत परियोजनालाई राज्यले उच्च प्राथमिकता दिँदै अगाध जलस्रोतको बहुपक्षीय र बहुउद्देश्यरूपमा उपयोग गर्न राष्ट्रिय नीति बनाई लागू गर्नु पर्दछ।

**८.३.१.७.** औद्योगिक आयोजनाहरूमा सघन श्रम उपयोगको नीतिलाई प्राथमिकता र प्रश्रय दिनु पर्दछ।

**८.३.१.८.** मजदुरहरूको हितको सुरक्षा, कामको सुनिश्चिता र व्यवस्थापनमा सहभागिताको निम्ति प्रभावकारी राष्ट्रिय नीति निर्माण गर्नु पर्दछ।

**८.३.१.९.** औद्योगिक लगायत उत्पादनजन्य सबै क्षेत्रमा सहकारी प्रणालीलाई प्रोत्साहित गर्ने नीति लिइनु पर्दछ।

**८.३.१.१०.** हाम्रो मुलुकमा उद्योगपतिहरू गैरउत्पादनमुलक क्षेत्रमा लगानी गर्न आकर्षित भएका छन्। त्यसले सेवा क्षेत्रमा तिब्र प्रतिस्पर्धा र महङ्गी



बढाएको छ भने उपभोग्य वस्तुहरूमा परनिर्भरता बढेको छ। तसर्थ हरेक टर्नओभर मा निश्चित लाभांसको ग्यारेण्टी गरी राष्ट्रिय उद्योगपतिहरूलाई उपभोग्य वस्तुको उत्पादनमा लगानी गर्ने वातावरण राज्यले बनाइ दिनु पर्दछ।

**८.३.१.११.** जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्ने वस्तु उत्पादनका उद्योगधन्धाहरू सरकार र जनताको संयुक्त लगानी तथा व्यवस्थापनमा सञ्चालन गर्ने नीति लिनु पर्दछ।

**८.३.१.१२.** असङ्गठित क्षेत्रका श्रमिकहरूको तथ्याङ्क संकलन, उनीहरूको योगदान र उनीहरूले पाउने पारिश्रमिक तथा सामाजिक सुरक्षाका क्षेत्रमा उनीहरूलाई राज्यले उपलब्ध गराएको सुविधाबारे तथ्य आधारित अध्ययन र व्यवस्थापनका निम्ति राज्यले अबिलम्ब नीति निर्माण गर्नुका साथै आवश्यक निकायको समेत व्यवस्था गर्नु पर्दछ।

**८.३.२. वाणिज्य नीति :**

**८.३.२.१.** विभिन्न मुलुकसँग भएका वाणिज्य सन्धिका त्रुटीहरूलाई हटाई नेपालको हित हुने गरी तीनलाई सच्याइनु पर्दछ, बाणिज्य सम्बन्धलाई विस्तारित गरिनु पर्दछ ।

**८.३.२.२.** व्यापारमा हुने तस्करी र कालोबजारीलाई कडाइका अनुगमन तथा नियन्त्रण गरिनु पर्छ। दोषिलाई कठोर दण्ड दिइनु पर्दछ।

**८.३.२.३.** अनावश्यक विलासिताका वस्तु, जनस्वास्थ्यलाई दुष्प्रभावित गर्ने वस्तु र साम्राज्यवादी विकृतिलाई बढाउने वस्तुहरूको व्यापारमा कडा नियन्त्रण गरिनु पर्दछ।

**८.३.२.४.** व्यापार विविधीकरणमा विशेष जोड दिइनु पर्दछ। गुणस्तरयुक्त तयारी वस्तु उत्पादन र निर्यात गर्नका लागि गुणस्तर नियन्त्रणको ठोस राष्ट्रिय नीति निर्माण गरी लागू गरिनु पर्दछ।

**८.३.२.५.** आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय वाणिज्य नीति तर्जुमा गरिनु पर्दछ।

**८.३.२.६.** देशका दुर्लभ प्राकृतिक वस्तु र जीव-जन्तुहरूको स्पष्ट पहिचान र पेटेण्ट गर्ने आवश्यकतालाई अविलम्व कार्यान्वियन गर्ने नीति लिइनु पर्दछ।

**८.४. भूमि तथा कृषि नीति :**

कृषिक्षेत्रमा रहेको पछौटे उत्पादनप्रणालीलाई समयसापेक्ष परिमार्जन गर्नु र भूमिसम्बन्धमा आमूल परिवर्तन गर्नु नेपाली क्रान्तिको प्रमुख उद्देश्य हुनु पर्दछ। वैज्ञानिक एवं क्रान्तिकारी भूमिसुधार गर्नु तथा भूमिलाई परिश्रमी हातसँग जोड्नु कृषिक्रान्तिको मुख्य उद्देश्य हो। यसनिम्ति निम्न नीति लागू गरिनु पर्दछ।

८.४.१. क्रान्तिकारी भूमिसुधार गरेर वास्तविक जोताहा, सुकुम्वासी, भूमिहिन, तथा गरिव किसानलाई आवश्यक सम्भव स्थानमा जग्गा प्रदान गर्ने र आमरूपमा यिनको निम्ति आवास, रोजीरोटी र शिक्षा-स्वास्थ्यको उचित व्यवस्था गरिनु पर्दछ ।

८.४.२. भूमिको चक्लावन्दी र भूमिमाथिको निश्चित हदबन्दी कायम गर्ने तथा भूमिको दोहोरो स्वामित्वको अन्त्य गरिनु पर्दछ ।

८.४.३. खेतियोग्य जमिन बाँझो राख्न नपाइने कडा कानुनी व्यवस्था गरिनुका साथै किसान र कृषिबाली तथा कृषिउद्योगको विमा गरिने प्रभावकारि व्यवस्था गरिनु पर्छ । किसानको सुरक्षित भविष्यको निम्ति सञ्चयकोष अथवा निवृत्तिभरणको विशेष व्यवस्था गरिनु पर्दछ ।

८.४.४. राज्यको तर्फबाट देशभरी सिंचाई, यातायात, विद्युत, उन्नत प्रविधि, मल, वीऊ, कृषि औजार, सुलभ ऋण तथा बजारको समुचित प्रवन्ध गरिनु पर्दछ ।खेति योग्य भू-भागहरूमा सिंचाई सुविधा उपलब्ध गराईनुका साथै त्यसबाट सिंचाई सुविधा उपलब्ध हुन नसकेका भू-क्षेत्रहरू मध्ये तराई र उपत्यकाहरूमा भूमिगत सिंचाई र पहाडमा बर्षाको पानी संकलन गर्ने तथा नदीको पानी पम्पिङ् गरी सिंचाई गर्न राज्यबाट सहयोग गरिनु पर्छ ।

८.४.५.सहकारी र सामुहिक खेतिप्रणालीलाई विशेष प्रोत्साहन र सुविधा प्रदान गरिनु पर्दछ । समुचित कृषि उत्पादनको निम्ति ट्रयाक्टर, थ्रेसर मेसिन लगायतका आधुनिक कृषि औजार र साधनहरू सहुलियत दरमा उपलब्ध गराउनु पर्दछ । त्यस निम्ति निर्व्याजी ऋण उपलब्ध गराइनु पर्दछ ।

८.४.६. कृषिलाई आर्थिक कार्यसँग जोड्ने नीतिलाई उच्च प्राथमिकताका साथ अगाडि बढाएर ग्रामिण युवाको प्रवास पलायनलाई दुरूत्साहित गर्ने नीति लिइनु पर्दछ । किसानलाई न्यूनतम् ब्याजदरमा कृषिऋण उपलब्ध गराईनु पर्दछ ।

८.४.७. वैज्ञानिक भू-उपयोगको नीति लिंदै भूक्षय र भूस्खलन रोक्न सघन वृक्षरोपणको कार्यक्रम ल्याउनु पर्दछ ।

८.४.८. वैज्ञानिक कृषिउत्पादन तथा व्यवस्थापनलाई समुचित प्रयोग गरी उत्पादनमा वृद्धि गर्ने हेतुले हिमाली क्षेत्रमा जडिबुटी, पहाडी क्षेत्रमा खाद्यान्न उत्पादनका साथै हावापानी तथा माटोको विविधता परिक्षण गरी तदनुकूल विभिन्न फलफूल, चिया, कफी, रेशम, बाँस, बावियो, अम्रिसो लगायतका नगदे बाली उत्पादन गर्ने र खाद्यान्न उत्पादनका निम्ति मुख्य रूपले उपत्यका र तराई क्षेत्रलाई समुचित उपयोग गर्ने नीति लिइनु पर्दछ ।

८.४.९. किसानहरूका लागि हावापानीको अनुकूलता, स्वच्छता, यातायात, स्वास्थ्य, शिक्षा तथा बजारको समेत सुगमता हेरेर तथा धरातलीय बनावटको अध्ययन गरेर सुरक्षित बसोवासको प्रवन्ध मिलाइनु पर्दछ ।



८.४.१०. घर-घडेरी तथा प्लटिङ्गको नाममा कृषि उत्पादनको लागि उर्वर रहेका भूभागहरूको दुरूपयोग भइरहेको छ । त्यस्ता कृषि उत्पादन सम्भाव्य जमीन प्लटिङ्ग गर्न नदिने गरी राज्यले कठोर नीति बनाई कार्यान्वयन गरिनु पर्दछ ।

८.४.११. कृषिको औद्योगिकीकरण र व्यवसायिकरण गर्ने प्रभावकारी कृषि नीति बनाइनु पर्दछ ।

८.४.१२. औद्योगिक विकासमा वाधा नपुग्ने गरी कृषिक्षेत्रमा जनश्रमको उपयोग गरिने नीति निर्धारण गरिनु पर्दछ ।

८.४.१३. ग्रामीण विकास निर्माणका कार्यहरू जनसहभागितामा सम्पन्न गर्न कामको लागि खाद्यान्नजस्ता प्रभावकारी कार्यक्रम ल्याउनु पर्दछ । किसान र उपभोक्ताको बिचमा दलालको चलखेल हुन नपाओस् भन्ने हेतुले हरेक गाउँ र नगरका विभिन्न क्षेत्रमा किसान बजारको समुचित प्रबन्ध गरिनुपर्दछ ।

८.४.१४. कृषि श्रमिकको हकहितको संरक्षण गर्नुका साथै उनीहरूकालागी मानवोचित जिउनयोग्य ज्याला तोक्ने र लागू गरिनु पर्दछ । हरूवा-चरुवा प्रथालाई पूर्णरूपले समाप्त गरिनुका साथै उनीहरूको जीवन यापन र रोजगारीको समुचित बन्दोबस्त गरि दिनु पर्दछ ।

८.४.१५. पशु-पञ्छी पालन, फलफूल खेति र जडिबुटी खेतिलाई राज्यले विशेष प्राथमिकता दिने नीति निर्माण गरिनुका साथै आत्मनिर्भरतातर्फको यात्राको पहिलो चरणमा खाद्यान्न, माछा-मासु, दूग्ध पदार्थ, तरकारी र फलफूलमा आत्मनिर्भर बन्ने प्रभावकारी नीति र योजनाहरू निर्माण गर्नु पर्दछ । यसका निम्ति राज्यले विशेष अवधि निर्धारण गरी हरित क्रान्ति, स्वेत क्रान्ति जस्ता कार्यक्रम र योजनाहरू ल्याउनु पर्दछ ।

८.४.१६. नेपालमा भूमि सम्बन्धी कानुन तर्जुमा गरी अथवा मौजुदा कानूनमा आवश्यक संशोधन गरी सरकारी गुठी र व्यक्तिगत जग्गाहरू सहकारी संस्था मार्फत सहकारी खेतीलगाएतका कार्यगर्न सहकारी संस्थालाई लिज वा भाडामा दिएर सहकारी संस्थाहरूलाई राज्यले उत्पादन कार्यमा सरिक गराउनु पर्दछ ।

८.४.१७. देशभरिका भूमिहिन सुकुम्वासीहरूको प्रमाणिक लगत तयार गरिनु पर्दछ र वास्तविक भूमिहिन/सुकुम्बासीहरूलाई अनुकुल भूखण्डमा आवास, रोजगारी र तिनका सन्तानहरूका निम्ति सरकारले शिक्षा तथा स्वास्थ्यको

अबिलम्ब व्यवस्था गर्नुका साथै भूमिहिन/सुकुम्बासीहरूलाई खेतिको लागि आवश्यक भूमि लिज वा भाडामा दिने नीति लिनु पर्दछ। कमैया र कमलरी मुक्ति-अभियानलाई प्रभावकारी वनाउँदै हरूवा-चरुवाहरूको मुक्तिको निम्ति महत्व दिएर सङ्घर्ष चलाउनु पर्छ।

**८.४.१८.** खाद्यान्न, तरकारि तथा फलफूलमा मानव स्वास्थ्यलाई प्रतिकुल प्रभाव पार्ने बिषादि तथा रसायनको प्रयोगलाई रोक्न प्रभावकारी कानुन तर्जुमा गर्नु पर्दछ, दोषीलाई कठोर दण्डको व्यवस्था गर्नु पर्दछ।

**८.४.१९.** वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदनलाई अविलम्व कार्यान्वयन गरिनु पर्दछ।

**८.५. उर्जा नीति :**

देशका लगभग ६ हजार नदीनालाहरू नेपाली जनताका राष्ट्रिय सम्पत्तिहरू हुन्। तर राष्ट्रहितको दिशामा तिनको पर्याप्त उपयोग हुन सकिरहेको छैन। सिंचाई, विद्युतीकरण, औद्योगीकरण, पर्यटन, जलमार्गको विकास जस्ता महत्वपूर्ण कार्यमा हाम्रा नदी-नालाहरूको उपयोग अति न्यून रहेको छ। यस्तो स्थितिमा हामीले उर्जाउत्पादनको लागि देशका नदीनालाको यथोचित उपयोग गर्नु पर्दछ। साथै वैकल्पिक उर्जाको निम्ति आवश्यक अनुसन्धान गर्दै उर्जा क्षेत्रमा आत्मनिर्भर बन्ने नीति लिनु पर्दछ।

**८.५.१.** आजको आवश्यकता भनेको स्वदेशी निजी क्षेत्र, सहकारी क्षेत्र तथा राज्यको लगानीमा तथा यी तीनवटैको साझेदारी एवं लगानीमा साना तथा मझौला जलविद्युत् परियोजना निर्माण गर्नु हो। यसप्रकार साना तथा मझौला जलविद्युत् आयोजनाहरूको निर्माण गरेर नेपाली जनतालाई सिघ्रातिसिघ्र विद्युत उपभोगको आधारभूत आवश्यकता परिपूर्ति गर्ने नीति लिनु पर्दछ।

**८.५.२.** राष्ट्रिय हितलाई पहिलो प्राथमिकता दिँदै लागत/प्रतिफल, वातावरणीय समस्या र विद्युत् खपत तथा निर्यातको व्यवस्था र संभावित विस्थापित जनसमुदायको पुनर्वासको व्यवस्था गरेर मात्र ठूला जलविद्युत् परियोजनाहरू सुरू गरिनु पर्दछ।

**८.५.३.** ठूला, साना सवै जलविद्युत योजनाहरूमा स्थानीय जनताको न्यायोचित हिस्सेदारी सुनिश्चित गरिनु पर्दछ।

**८.५.४.** राज्यले वैकल्पिक उर्जा उपयोगको प्रभावशाली व्यवस्थापन गरी वनसंरक्षणको विशेष नीति लिनु पर्दछ।

**८.५.५.** सहर-बजारमा जम्मा हुने फोहोरबाट उर्जाश्रोतको व्यवस्था गर्ने नीति लिनु आजको अनिवार्य आवश्यकता बनिसकेको छ। त्यसकारण



जनस्वास्थ्यलाई ध्यानमा राख्तै डम्पिङ्ग साइटहरूको व्यवस्था गर्ने र ती साइटहरूमा उर्जाउत्पादन संयन्त्रहरूको समुचित व्यवस्था र विकास गरिनु पर्दछ।

**८.५.६.** सौर्यउर्जा, वायुउर्जा, वायोउर्जा र वानस्पतिक उर्जा (वायो-पेट्रोलियम) उत्पादनको थप अनुसन्धान गर्दै जनताले भोगिरहेको उर्जा समस्यालाई यथाशिघ्र समाधान गरिनु पर्दछ।

**८.६. पर्यावरण संरक्षणसम्वन्धी नीति :**

मानवलगायत समस्त प्राणीमात्रको जीवनरक्षाका लागि प्राकृतिक घटनाक्रम र मानिसबीच तादम्यता कायम राख्न एवं दुवैको सन्तुलन मिलाइराख्न पर्यावरणसम्वन्धि विशेष संचेतनायुक्त नीति निर्माण गर्नु आजको अनिवार्य आवश्यकता बनेको छ । यसनिम्ति निम्न नीति लागू गरिनु पर्दछ -

**८.६.१.** काठ, वस्तुहरूको चोरीबजारी गर्ने आपराधिक तत्वहरूले वन जङ्गललाई आगलागि (डढेलो) बाट प्रभावित गरी रहेका छन्। त्यसलाई कडा कानुनद्वारा नियन्त्रण गरिनु पर्दछ। जसले गर्दा काठ-पात, हरियो वन र वन्य जन्तुको समुचीत संरक्षण गर्न सकियोस्।

**८.६.२.** विकसित पुँजीवादी देशहरूले आफ्ना विशाल उद्योगहरू, कल, कारखाना र आणविक भट्टीहरूबाट दिनहुँ कैयौं टन हानीकारक ग्यास, रसायनको उत्सर्जन गरी रहेका छन्। यसबाट पर्यावरण प्रदूषित हुनुको साथै 'हरित गृह प्रभाव' बढ्न गई विश्वको तापक्रममा वृद्धि भइरहेको छ। यसले गर्दा पर्यावरण सन्तुलनसमेत खल्बलिदै गएको छ। पानीका स्रोतहरू सुकिरहेका छन् र उच्च हिमश्रृंखला पग्लिरहेका छन्। बढ्दो सी.एफ.सी. (क्लोरो फ्लोरो कार्वन) को उत्पादनले गर्दा ओजनतहको विनाश भइरहेको छ। सिङ्गो मानवसभ्यतालाई विनास गर्नेतर्फ उन्मुख उनीहरूको यस्तो कृत्यलाई रोक्न खास गरी तेस्रो विश्वका सबै राष्ट्रहरूले एकीकृत पहल गर्नु एउटा प्रमुख आवश्यकता हो। तेस्रो विश्वका राष्ट्रहरूले भने वन-जङ्गलको संरक्षण, पर्यावरणको सुरक्षा गरेर सिङ्गो संसारलाई गुन लगाई रहेका छन्। त्यसकारण चरम औद्यौगिक विकासको अवस्थामा पुगेका विकसित पुँजीवादी मुलुकहरूले तेस्रो विश्वका देशहरूलाई उचित क्षतिपूर्ति दिनु पर्दछ। साथै सिङ्गो प्राणीजगतलाई नै विनाशतिर धकेल्ले आफ्ना त्यस किसिमका कार्यहरूलाई बन्द गर्नुपर्छ।

**८.६.३.** किनमेलमा उपभोग्य सामग्री बोक्न प्रयोग गरिने पोलिथिन झोलाको प्रयोग, विभिन्न आन्दोलन र बन्दमा रबर टायरहरू बाल्ने कार्यजस्ता पर्यावरण दूषित पार्ने कार्यमाथि प्रतिवन्ध लगाइनुका साथै वातावरण मैत्री वैकल्पिक व्यवस्था गरिनु पर्दछ।

**८.६.४.** नदीहरूमा ढल मिसाइने जस्तो असभ्य र जलजीवन विरोधि कार्य भइरहेको छ। जसद्वारा वातावरण दुर्गन्धित र अस्वस्थकर बनेको छ। व्यापक जनजागरण फैलाउँदै र एउटा प्रभावकारी योजना बनाएर नदी सरसफाइ तथा ढल प्रशोधन गर्ने कार्यक्रम थालिनु पर्दछ।

**८.६.५.** वैज्ञानिक ढङ्गले भूमिको उपयोग तथा व्यवस्थापन गर्ने योजना र नीति बनाउदै मानव बसोबास, हरियाली क्षेत्र, खेतीपातीको ढाँचा, नदी-नियन्त्रण तथा जमिन उद्धार कार्यगर्दै पर्यावरण संरक्षण र प्राकृतिक सन्तुलन कायम राखीनु पर्दछ।

## ९. सामाजिक क्षेत्रका नीतिहरू

### ९.१. महिलासम्बन्धी नीति :

**९.१.१.** संविधानसँग बाझिएका पुराना कानुनहरू अबिलम्ब खारेज गरी संविधानमा प्रत्याभूत महिलाका हक र अधिकारलाई कार्यान्वयन गर्न तदनुरूपका कानुनहरू निर्माण गरिनु पर्दछ।

**९.१.२.** समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न महिलाहरूको आन्तरिक क्षमतामा अभिवृद्धि गरी प्रतिस्पर्धि भावनाको विकासमा जोड दिने नीति निर्माण गरिनु पर्दछ।

**९.१.३.** जनप्रतिनिधित्व हुने राजनीतिक निकायहरूमा तत्काल केन्द्रमा ३३%, प्रदेशमा ४०% र स्थानीय निकायहरूमा ५०% महिला सहभागी हुने व्यवस्था गर्दै सबै तहमा ५०% को लक्ष्य प्राप्तिको लागि सबै क्षेत्रमा योजना बनाई काम गरिनु पर्दछ।

**९.१.४.** पितृसत्तात्मक सोच, संस्कृति, व्यवहार, पछौटेपन र कुरीतिविरूद्ध राज्य, सम्पूर्ण राजनीतिक दल तथा सामाजिक सङ्घ-सङ्गठनहरूद्वारा व्यापक जागरण अभियान सञ्चालन गरिनु पर्दछ।

**९.१.५.** महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार, हिंसा, यातना नियन्त्रण गर्न र समाप्त पार्न प्रभावकारी कानुन बनाइनु पर्छ।

**९.१.६.** महिला तथा बालबालिका बेचविखनको अपराधविरूद्ध कडा दण्ड सजायको व्यवस्था गरिनु पर्दछ। त्यसकाविरूद्ध व्यापक जनचेतना अभियान समेत चलाइनु पर्छ।

**९.१.७.** विज्ञापनमा महिला वा पुरुषको अश्लिल प्रदर्शनलाई कडा कानुनद्वारा नियन्त्रण गरिनु पर्दछ।

**९.१.८.** श्रम र रोजगारी लगायतका क्षेत्रमा महिलामाथि हुने गरेका पक्षपातहरूको अन्त्य गरिनु पर्छ। उद्यम-व्यवशायमा लाग्न चाहने महिलालाई



बिनाधितो सहुलियत दरमा ऋण उपलब्ध गराउने नीति ल्याईनु पर्दछ।

**९.१.९.** महिला शिक्षालाई प्रभावकारी बनाउन प्राथमिकताका साथ राष्ट्रिय कार्यक्रम निर्माण गर्नुपर्दछ। महिलालाई व्यवसायिक शिक्षा प्राप्त गर्न विशेष प्रोत्साहन र सुविधा उपलब्ध हुनु पर्दछ।

**९.१.१०.** महिला र बालबालिकामाथि हुने यौनजन्य हिंसा, बलात्कार र हत्या जस्ता जघन्य अपराध, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, बालविवाह, बहुविवाह, दहेज प्रथा, तिलक प्रथा, छाउपडि प्रथा, तथाकथित बोक्सीको नाममा गरिने हिंसा लगायतका कुरिति र कु-प्रथा अन्त्य गर्ने प्रभावकारी नीति बनाइनु पर्दछ।

**९.१.११.** महिलामाथि हुने सबै प्रकारका हिंसा, हत्या, बलात्कार जस्ता जघन्य अपराध गर्ने व्यक्तिलाई कुनै पनि हालतमा राजनैतिक संरक्षण गरिनु हुदैन यदि त्यस्तो देखिएमा त्यस्ता संरक्षणकारी विरुद्ध समेत कडा कानुनी कार्वाही गरिनु पर्छ।

**९.१.१२.** एकल महिलाका हकमा सांस्कृतिक रूपमा महिला माथि हुदै आएका कु-प्रचलनको अन्त्यका लागि सामाजिक, सांस्कृतिक जागरण अभियान चलाइनु पर्दछ। राज्यले पारिवारिक आश्रयविहिन र आर्थिकरूपले विपन्न एकल महिलाको हकमा सामाजिक सुरक्षाको प्रत्याभूति दिन र उनीहरूको आर्थिक स्वावलम्वनका निम्ति प्रभावकारी नीति ल्याउनु पर्छ। आश्रयविहिन एकल महिला जो शारिरिक रूपमा समेत अशक्त छन् तिनलाई मासिक गुजारा भत्ताको व्यवस्था गरिनु पर्दछ, साथै त्यस्ता आश्रयविहिन एकल महिलाका नाबालक सन्तानकालागि समुचित शिक्षा-दिक्षाको प्रबन्ध गरी दिनु पर्दछ।

**९.१.१३.** घरेलु श्रमलाई मान्यता दिने नीति ल्याएर त्यसको योगदानलाइ जीडीपीमा जोड्ने कार्य गरिनु पर्दछ।

**९.१.१४.** विपन्न सुत्केरी महिला र नवजात शिशुको एक महिना सम्म स्वास्थ्योपचार, पोषणयुक्त भोजन र अन्य आवश्यक सुविधा राज्यद्वारा उपलब्ध गराईनु पर्दछ।

### ९.२. उत्पीडित एवम् विभेदमा पारिएका समुदाय सम्वन्धी नीति :

**९.२.१.** राज्य एवं समाजका सबै क्षेत्रमा जातका आधारमा गरिने छुवाछुत र भेदभाव वा त्यस्तो आसयले गरिने व्यवहारलाई राज्य विरुद्धको र मानवता विरुद्धको जघन्य सामाजिक अपराधको रूपमा लिइनु पर्दछ। यस्ता अपराध गर्नेलाई कठोर कारबाही गर्नुका साथै यस अपराधमा सजाय पाएका व्यक्तिहरू सार्वजनिक पदमा नियुक्त हुन अयोग्य ठहरिने व्यवस्था गरिनुपर्छ। छुवाछुतजस्तो मानवताको नै अपमान गरिने सामाजिक कुसंस्कारविरूद्ध राज्य,

राजनीतिक दलहरू र सामाजिक सङ्घसंस्थाहरूले प्रभावकारी सामाजिक जागरण अभियान सञ्चालन गर्नुपर्दछ।

**९.२.२.**'दलित' शब्द त्यो समुदायको पहिचान नभएर त्यसको वर्तमान अवस्थाको चित्रण मात्र हो, जुन अवस्थालाई उनीहरू मात्र होइन, सम्पूर्ण नेपाली जनता परिवर्तन गर्न चाहन्छन्। दलित शब्द आफैमा विभेदबोधक र अमर्यादित शब्द हो, जसको प्रयोग गरिंदासम्म उक्त समुदाय विभेद र अपमानबाट मुक्त हुनै सक्तैन। उक्त समुदायका मानिसहरू कुनै न कुनै शीपका धनी छन्, भलै उक्त शीप परम्परागत नै किन नहोस्। तसर्थ नेपालको संविधानको विभिन्न स्थानमा लेखिएको 'दलित' भन्ने शव्दलाई परिवर्तन गरेर *'शिल्पी समुदाय'* शव्द प्रयोग गरिनु पर्दछ। यस निम्ति हामीले राजनीतिक अभियान सञ्चालन गर्नु पर्दछ।

**९.२.३.** तीनवटा जातिहरू- मधेशीआर्य, खशआर्य र नेवार जातिमा भएका शिल्पी समुदाय सहित विभिन्न जातहरूको व्यवस्थित सूची बनाई तिनको मुक्ति र सामाजिक जीवनको **उ**न्नयनको निम्ति सङ्घर्ष अघि वढाउनु पर्छ व्यक्तिले आफ्नो नामसँग 'जात' जनाउने शब्द राख्न वाध्य पारिनु हुन्न र उसले आफ्नो थर वा गोत्र लेख्न पाउनु पर्छ।

**९.२.४.** वर्ण विभाजन अन्तर्गतको अमानवीय परिपाटीलाई व्यवहारिक रूपमा अन्त्य गरिनु पर्दछ।

**९.२.५.** दलित भनिने पहाडे शिल्पी समुदाय आर्य नश्लीय खसजाति हुन्, मधेशी दलित समुदाय वैदिक वा मधेशी आर्य नश्लीय हुन् र कथित नेवार दलित समुदाय किरात नश्लीय जाति हुन्, भन्ने इतिहाससिद्ध तथ्यलाई प्रभावकारी ढङ्गले समाजमा स्थापित गर्न राज्यद्वारा नवजागरण अभियान चलाईनु पर्छ।

**९.२.६.** उत्पीडित तथा विभेदमा पारिएका समुदायको आर्थिक स्थिति उकास्ने विशेष कार्यक्रमहरू सञ्चालन गरिनु पर्दछ।

**९.२.७.** उत्पीडित तथा विभेदमा पारिएका समुदायका लागि आधारभूत तहदेखि उच्च माध्यमिक तहसम्म (प्राविधिक शिक्षामा समेत) छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार प्रत्याभूत हुनुपर्छ।

**९.२.८.** उत्पीडित तथा विभेदमा पारिएका समुदायको निम्ति स्वास्थ्य सेवालाई मौलिक हकको रूपमा स्थापित गरि समुदायको स्वास्थ्य सेवा माथिको पहुँच सुनिश्चित गरिनु पर्दछ। यो समुदायलाई निःशुल्क स्वास्थ्य उपचारको लागि निःशुल्क स्वास्थ्य सेवा कार्डको व्यवस्था गरिनु पर्छ।

**९.२.९.** वरवधु स्वतन्त्रतापूर्वक छान्न र विवाह गर्न पाउने अधिकारलाई जातिय विभेदमा कुण्ठित गर्न नपाइने संवैधानिक प्रत्याभूति गरिनु पर्दछ।



अन्तरजातिय विवाह गर्ने जोडीलाई समाजमा स्थापित गराउन शिक्षा, रोजगारी, संरक्षण प्रोत्साहनको व्यवस्थाको प्रत्याभूति गरिनु पर्छ।

**९.२.१०.** उत्पीडित तथा विभेदमा पारिएको समुदायका अतिसिमान्तिकृत र अल्पसंख्यक जात-जाति (वादी, गन्दर्भ, मुसहर, डोम आदि) को संरक्षण र विकासका लागी विशेष व्यवस्था गरिनुपर्छ।

**९.३. जाति-जनजाति सम्वन्धी नीति :**

**९.३.१.** सामन्ती राजतन्त्रात्मक कालमा कुण्ठित रहेको जातीय पहिचानलाई संविधानद्वारा स्थापित गर्न विशेषज्ञहरूको एउटा सक्षम समावेशी आयोग गठन गरी वैज्ञानिक आधारमा सबै मूलका जातिहरूको सूची बनाई संविधानमा राखिनु पर्दछ। यसप्रकार उनीहरूको जातीय पहिचानलाई संस्थागत गर्दै नेपालमा वसोवास गर्ने सवै जातिलाई नेपालका आदिवासी भएको घोषणा गरिनुपर्छ। स्थानीय स्वायत्त इकाई गठन गर्दा सम्वन्धित इकाईमा जनसंख्याको वहुमत नपुग्ने अल्पसंख्यक जातिहरूको निम्ति जातीय संरक्षित स्वायत्त इकाई गठन गरिनुपर्छ।

**९.३.२.** सङ्घीय प्रदेशभित्र जातीय वा भाषिक बहुलताका आधारमा स्वायत्त जातीय इकाई गठन गरिनु पर्दछ।

**९.३.३.** मूलतः नेपालको पहाडी क्षेत्रमा बसोवास गर्ने विभिन्न थरका बाहुनहरू, राणा, शाह, ठकुरी, खत्री, हमाल लगायतका क्षेत्रीहरू, घर्ति तथा विभिन्न थरका सन्यासी र योगीहरू एवम् कामी, दमाई, सार्की, पार्की, गाइने आदि आर्य मूलका खशआर्य जाति हुन्। खशआर्य जातिको वर्तमान खण्डित पहिचानलाई सच्च्याउँदै उनीहरूको पूर्ण पहिचान संस्थागत गरिनुपर्छ। खश जातीय अहङ्कार एवं त्यस जातिभित्र रहेको वर्णभेद र असमानतालाई हटाउने उद्देश्यले सामाजिक जागरण अभियान सञ्चालन गरिनु पर्दछ।

**९.३.४.** नेपालका मधेशी समुदाय भनेको यहाँको क्षेत्रीय समुदाय नभएर यहाँ बसोवास गर्ने वैदिक आर्य वा आर्यवर्तीय आर्यहरूको समुदाय हो, जसलाई विगतकालमा वृज्जी र वाजी समेत भनिने गर्दथ्यो। उनीहरू नेपाल तराईका थारु, धिमाल, कुमाल, राजवंशी, गनगाई, मेचे, सुनवार, दनुवार भन्दा भिन्न तराईका आर्य मूलका जनसमुदाय हुन्, जो नेपालको एउटा आदिवासी जातीय समुदाय हो। यो पहिचानलाइ संविधानमा संस्थागत गरिनुपर्छ।

**९.३.५.** जातीय, क्षेत्रीय, लिङ्गीय जातपातीय समानता र सामेलीलाई संविधान र कानुनी आधारद्वारा पनि लागू गर्दै जातीय तथा साम्प्रदायिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय अखण्डतालाई विथोल्ने खालका क्रियाकलापहरूलाई

हतोत्साहित गरी गौरवशाली राष्ट्रिय एकताको सम्वर्द्धन गरिनुपर्दछ।

**९.३.६.** कुसुण्डा-राउटेजस्ता लोपोन्मुख जातिलाई जीवनका हरेक क्षेत्रमा एउटा निश्चित अवधिका निमित आरक्षणको सुविधा प्रदान गरिनु पर्दछ। तिनका छोराछोरीलाई १२ कक्षासम्म निःशुल्क पठन-पाठनको सुविधा उपलब्ध गराइनु पर्दछ।

## १०. शिक्षा नीति

**१०.१.** हरेक नागरिकमा लुकेर रहेका प्रतिभाको प्रस्फुटन गराउनु, जागिरे मानसिकता हटाएर श्रमप्रति आस्था जगाउनु र वैज्ञानिक, देशभक्तिपूर्ण, उत्पादनमूलक, व्यवसायिक तथा श्रमलाई सम्मान गर्ने बनाउनु तथा असल नैतिक चरित्र निर्माण गर्नु शिक्षाको एउटा मुख्य ध्येय हुने गरी पाठ्यक्रम पुनर्निर्धारण गरिनुपर्दछ।

**१०.२.** राष्ट्रिय आवश्यकता र देशविकासको स्तरसँग आवद्ध हुनेगरी वैज्ञानिक शिक्षाप्रणाली अपनाइनु पर्दछ।

**१०.३.** उच्चमाध्यमिक तह सम्मको शिक्षालाई आधारभूत शिक्षा घोषित गर्नु पर्छ र निःशुल्क आधारभूत शिक्षा प्राप्त गर्नु संविधानतः हरेक नागरिकको मौलिक अधिकार घोषित हुनुपर्दछ। वर्तमानमा सञ्चालित रहेका विद्यालयहरू बाटै माध्यमिक तहसम्मको मातृभाषाको शिक्षा सहज तरिकाले उपलब्ध गराउने नीति निर्माण गरिनु पर्दछ।

**१०.४.** सबैक्षेत्रका विद्यालय, उच्च माध्यमिक विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा स्थानीय बहुप्रचलित भाषामा क्रमशः उच्चशिक्षा प्राप्त गराउने व्यवस्था हुनुपर्दछ। पठन-पाठनमा त्रैभाषिक नीति अपनाइनु पर्दछ।

**१०.५.** सरकारी विद्यालयहरू समुदायलाई हस्तान्तरण गर्ने नीति लिएर मात्र राज्यको दायित्व पूरा हुँदैन। सामुदायिक विद्यालयमा सरकारले लगानी बढाउनु पर्दछ। शिक्षाको गुणस्तरमा वृद्धि गर्दै हरेक पक्षमा निजी विद्यालयसँग प्रतिस्पर्धा गर्न सक्ने गरी व्यवस्थापन गर्नु पर्दछ।

**१०.६.** निजी विद्यालयहरूलाई सहकारी विद्यालय बनाउन प्रोत्साहन दिने नीति लिइनु पर्दछ। निजी विद्यालयको शिक्षक तथा कर्मचारीको पारिश्रमिक सामुदायिकको सरह बनाइनु पर्दछ।

**१०.७.** निजी विद्यालयहरूसँग सरकारी र सामुदायिक विद्यालयहरूको समान शैक्षिक गुणस्तर कायम राख्न सरकारले पाठ्यक्रम र पठनपाठनमा नियमित अनुगमन गर्नु पर्दछ।



**१०.८.** उच्च माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) साधारण, व्यवसायीक र प्राविधिक गरी तीन किसिमको बनाई सोही अनुसारको उच्च शिक्षामा पुनर्गठन गर्दै विशेषज्ञता हासिल गर्ने सर्वसुलभ व्यवस्था गरिनु पर्दछ। जसले गर्दा माध्यमिक तहको योग्यता हासिल गर्नेहरूले श्रमबजारमा सहज प्रवेश पाउन सकून्। यसैगरी मानविकी, ललितकला, विज्ञान, प्रौद्योगिकी र खेलकुदलाई उचित स्थान दिइनु पर्दछ। यिनमा व्यावसायीक र प्राविधिक शिक्षार्थीहरूले निश्चित समयपछि निश्चित प्रक्रिया पूरा गर्दै प्रवेश पाउने समुचित व्यवस्था पनि गरिनु पर्दछ।

**१०.९.** वैदेशिक लगानीमा रहेका शिक्षाको कुनै पनि शाखाका उच्च शिक्षणसंस्थामा राष्ट्रिय हित संरक्षण हुने गरी राज्यद्वारा गरिने नियमनको उपयुक्त व्यवस्था गरिनु पर्दछ।

**१०.१०.** आधुनिक शिक्षाप्रणालीमा वर्तमानका निम्ति उपयोगी परम्परागत ज्ञान-विज्ञान, सीप र प्रविधिका सकारात्मक पक्षलाई महत्वका साथ समावेश गरिनु पर्दछ।

**१०.११.** लैगिक, जातीय र क्षेत्रीय विभेदयुक्त कुनै पनि विषय वा प्रसङ्ग पाठ्यपुस्तकहरूमा उल्लेख गरिनु हुँदैन।

**१०.१२.** अपाङ्गता भएका व्यक्तिहरूलाई सहजरूपमा शिक्षा हासिल गर्ने वातावरण मिलाउन राज्यले सबै विद्यालयहरूमा सोही अनुरूपको अपाङ्गमैत्री पूर्वाधारको विकास गरिदिनु पर्दछ।

## ११. स्वास्थ्य सम्बन्धी नीति

**११.१.** स्वास्थ्यसेवा प्राप्त गर्नु सबै नागरिकहरूको मौलिक अधिकार हुनु पर्दछ।

**११.२.** स्वास्थ्यक्षेत्रमा राज्यको दायित्व र लगानी वृद्धि गर्दै लगिनु पर्दछ।

**११.३.** राज्यले स्वास्थ्यसेवामा क्रियाशील निजी क्षेत्रको निरंतर अनुगमन र प्रभावकारी नियमन गर्नु पर्दछ। स्वास्थ्य क्षेत्रमा व्याप्त रहेको माफीयाकरणलाई आवश्यक कानुन बनाएर नियन्त्रण गरिनु पर्दछ। स्वास्थ्य क्षेत्रको अनियमितता र गैरजिम्मेदारी कार्यलाई कठोर दण्डनीय बनाईनु पर्दछ।

**११.४.** स्वास्थ्यक्षेत्रमा सहकारीकरणलाई प्रोत्साहित गरिनु पर्दछ।

**११.५.** जडिबुटी प्रशोधनउद्योग, जडिबुटीजन्य औषधीउद्योगहरूलाई प्रोत्साहित गर्दै कच्चा जडिबुटीको निर्यातलाई हतोत्साहित गर्नु पर्दछ।

**११.६.** राज्यद्वारा बर्डफ्लु, स्वाइनफ्लु (एच1एन्1), एचआईभी/एड्स, सिड्स तथा जटिल यौनजन्य प्राणघातक रोगविरुद्ध व्यापक चेतना फैलाउने र

उपयुक्त उपचारको व्यवस्था गरिनु पर्दछ। यसै गरी राज्यले मुटु, मिर्गौला र क्यान्सर जस्ता प्राणघातक रोगको उपचार सुविधा भएका जुनसुकै अस्पतालमा पनि निःशुल्क उपचार गर्ने व्यवस्था मिलाई दिनु पर्दछ।

**११.७.** प्रत्येक अस्पतालमा एलोप्याथिक, होमियोप्याथिक, आयुर्वेदिक, युनानी, एक्युपञ्चर र परम्परागत प्राकृतिक चिकित्सासेवा उपलब्ध हुने गरी समुचित व्यवस्था मिलाइनु पर्दछ।

**११.८.** गाउँ, नगर र जिल्ला तहका स्वास्थ्य केन्द्रहरूमा आधारभूत जनशक्ति र सुविधा उपलब्ध हुने विकेन्द्रित स्वास्थ्यसेवा प्रणाली लागू गरिनु पर्दछ। प्रत्येक ग्रामीण स्वास्थ्यचौकीमा निःशुल्क प्रसुती सेवा उपलब्ध हुनु पर्दछ।

**११.९.** गाउँ-गाउँमा स्वच्छ खानेपानी, आवश्यक आयोडिनयुक्त नून, व्यवस्थित शौचालय, योग र व्यायामको व्यवस्थाआदि गर्दै सरसफाई र निरोगिताको निम्ति भोजनमा हरियो सागपात र गेडागुडीको अधिकतम प्रयोग सम्वन्धी जनचेतना जगाउनु पर्दछ।

## १२. बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएकाहरू सम्बन्धि नीति

### १२.१. बालबालिकाका सम्बन्धी नीति :

भविष्यका कर्णाधार बालबालिकाको समुचित विकासले भविष्यको नेपाललाई नै विकसित बनाउनेछ। उनीहरूको उचित स्याहार-संभार र लालनपालन भएन भने हाम्रो कल्पनामा रहेको सुरक्षित, सुनिश्चित र समृद्ध नयाँ नेपालको निर्माण साकार हुन सक्तैन। त्यसकारण नेकपा (माले) बालबालिकाको संरक्षण, स्याहार र समुचित विकासको लागि प्रतिवद्ध छ।

**१२.१.१.** कामकाजमा लागेर आफ्ना बालबालिकाहरूको समूचित स्याहार गर्न नसक्ने अभिभावकहरू खास गरेर कामकाजी महिलाहरूको समस्यालाई समाधान गर्न राज्यले कार्यस्थलनजिक पाइक पर्ने स्थानहरूमा पर्याप्त शिशु स्याहारकेन्द्रहरूको स्थापना गरी तिनको व्यवस्थित रूपले सञ्चालन गर्नु पर्दछ।

**१२.१.२.** अभिभावकसँग बन्दीगृहमा जीवन विताउन वाध्य बालबालिका, अनाथ र सडक बालबालिकाहरूको संरक्षण र समाजोपयोगी विकासका लागि बाल संरक्षण गरिनुका साथै पर्याप्त शंख्यामा सुधारगृहको स्थापना र समुचित व्यवस्थापन गरिनु पर्दछ।

**१२.१.३.** बाल-बालिका शान्तिक्षेत्र हुन्। उनीहरू कुनै पनि राजनीतिक तथा सामाजिक द्वन्द्वको चपेटामा नपरून् भनेर सबै सम्बन्धित पक्ष सचेत हुनै



पर्दछ। त्यस्ता द्वन्द्वले बालमानसिकतालाई विकृत बनाएका हामीसँग धेरै उदाहरणहरू रहेका छन्। तसर्थ राज्यले **बालबालिका शान्तिक्षेत्र हुन्** भन्ने मान्यता र अवधारणालाई लागू गर्न कानुनी व्यवस्था गर्नु पर्दछ।

**१२.१.४.** बाल-बालिकालाई पर्याप्त स्वास्थ्यसेवा उपलब्ध गराउन राज्यले गाउँ-बस्तीलाई पाइक पर्ने गरी बालअस्पतालहरूको स्थापना गर्नु पर्दछ। कुपोषणबाट बचाउन हरेक शिशुस्याहार केन्द्र, **बाल संरक्षणकेन्द्र**हरूमा समुचित स्वास्थ्यवर्द्धक भोजनको राज्यद्वारा व्यवस्थापन गर्नु पर्दछ।

**१२.१.५.** सबै बालबालिकाहरूको पालन-पोषण, स्वास्थ्य, शिक्षा, खेलकुद र व्यक्तित्व विकासका निम्ति राज्यले प्रभावकारी व्यवस्था गर्नु पर्दछ।

**१२.१.६.** बालबालिकाहरूलाई धर्मपुत्र वा पुत्रीको नाममा विदेश पठाउने कार्यलाई हतोत्साहित गरिनु पर्दछ। त्यस्तो कार्यमा संलग्न सङ्घ संस्थाहरूको नियमित प्रभावकारी अनुगमन गरिनु पर्दछ।

**१२.१.७.** बालबालिकालाई घरेलु कामदार र श्रमको क्षेत्रका उपयोग गर्ने कार्यलाई कडाइका साथ रोक्न आवश्यक कानुन निर्माण गरी दण्डनीय बनाइनु पर्दछ।

**१२.१.८.** आवश्यक कानून बनाई बाल-विवाहको प्रभावकारी नियन्त्रण गरिनु पर्दछ। साथै, बालबालिकामाथि हुने सबै प्रकारका भेदभाव र हिङ्साहरूको अन्त्य गरिनु पर्दछ।

### १२.२ जेष्ठ नागरिकहरू सम्बन्धी नीति :

जसरी मानिसले विहानदेखि बेलुकासम्म काम गरेर साँझ आराम गर्दछन्। त्यसरी नै वृद्धावस्था पनि जीवनको साँझ हो। आफ्नो सन्ध्याकालमा निश्चिन्ततापूर्वक आराम गर्न पाउनु हरेक जेष्ठ नागरिकहरूको अधिकार हो। तसर्थ-

**१२.२.१.** तुलनात्मक हिसाबले हवापानी समशितोष्ण रहने स्थानहरूमा वृद्धाश्रमहरू स्थापना गरिनु पर्छ।

**१२.२.२.** टुट्तो परिवारबाट एक्लिएका, पर्याप्त सेवा सुविधा पाउनबाट बञ्चित जेष्ठ नागरिकहरूको समुचित रेखदेख र सेवा गर्न निर्मित वृद्धाश्रमहरूमा आवश्यकता अनुसार राज्यद्वारा स्वास्थ्य, खानपान र लत्ताकपडा लगायतका सुविधाको विशेष व्यवस्था गर्नु पर्दछ।

**१२.२.३.** जेष्ठ नागरिकहरूको अनुभवहरूलाई राष्ट्रहितमा लगाउने सम्बन्धमा विशेष नीति लिइनु पर्दछ।

**१२.२.४.** वृद्धाश्रमको सुविधा नलिने ६५ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई प्रतिमहिना न्यूनतम रू. ३०००/- का दरले ज्येष्ठ

नागरिकभत्ताको प्रबन्ध गरिनुका साथै जीवनका सबै क्षेत्रमा ज्येष्ठ नागरिकहरूलाई आवश्यक सुविधा उपलब्ध गराईनु पर्दछ ।

**१२.३ अपाङ्गता भएकाहरू सम्वन्धी नीति :**

**१२.३.१.** कुनै पनि क्षेत्रमा शारीरिक अपाङ्गतालाई अयोग्यतामा परिभाषित गरिनु हुँदैन ।

**१२.३.२.** राज्यले शिक्षाको विशेष प्रवन्ध गरी उनीहरूको योग्यता र क्षमतावृद्धिको अवसर जुटाइदिनु पर्दछ ।

**१२.३.३.** उनीहरूको शिप, क्षमता र कार्यदक्षतालाई सकारात्मक रूपमा लिदै रोजगारीको अवसर दिइनु पर्छ ।

**१२.३.४.** उनीहरूलाई स्वरोजगारीको निम्ति कुनै पनि वित्तिय संस्थाबाट सहजकतापूर्वक आवश्यक निर्व्याजी ऋण उपलब्ध गराइनु पर्दछ ।

**१२.३.५.** राज्यले जीवनका सबै क्षेत्रलाई अपाङ्ग मैत्री बनाउने अनिवार्य नीति अवलम्बन गर्नु पर्दछ ।

**१२.३.६.** उनीहरूप्रति सहयोगी र सहकार्यको वातावरण बनाउन सबै क्षेत्रमा जागरण अभियान सञ्चालन गरिनुपर्दछ ।

**१२.३.७.** जीवन यापन कार्य नै कठिनाईमा परेका अशक्त र अपाङ्गता भएका नागरिकलाई राज्यबाट सामाजिक सुरक्षा भत्ता (जीवन निर्वाह भत्ता) को व्यवस्था गरिनु पर्दछ ।

## १३. प्रवासी नेपालीहरू सम्वन्धी नीति

**१३.१.** गरिबी, रोजगारीलगायत विभिन्न कारणहरूले गर्दा नेपालका युवाहरू विभिन्न देशहरूमा गई कामकाज गरिरहेका छन् । ती देशमा उनीहरूको हक-हित र सुरक्षाका निम्ति सरकारले समुचित कदम उठाउनु पर्दछ ।

**१३.२.** भारतप्रवासमा रहेका नेपालीहरू भारतमा रहँदा र फर्किने क्रममा बाटोमै त्यहाँको स्थानीय प्रशासन र आपराधिक प्रवृत्तिका तत्वहरूबाट ठगिने, सताइने र पीडित हुने गर्दछन् । यस विषयमा सरकारले तदारूकताका साथ भारतसरकारसँग वार्ताको माध्यमबाट समस्या समाधान गर्ने र प्रवासी नेपालीहरूको मानवअधिकार तथा जीउधनको सुरक्षा गर्ने व्यवस्था गर्नु पर्दछ ।

**१३.३.** राज्यद्वारा भारतप्रवासमा कार्यरत नेपालीहरूद्वारा आर्जन गरिएको धनसम्पत्ति सुरक्षित नेपालमा आउन सकोस् भन्ने हेतुले उपयुक्त र सुरक्षित प्रवन्ध मिलाउनु पर्छ ।

**१३.४.** भारतप्रवासमा रहेका नेपालीहरू नेपालमा हुने चुनावहरूको निम्ति नेपालमा आई मतदान गर्ने अवस्था नबन्दा आफ्नो नागरिक अधिकारबाट



बञ्चित हुँदैआएका छन् । तसर्थ चुनावहरूमा उनीहरूलाई मतदान गर्ने अवस्था सृजना गर्नका निम्ति प्रवासमा रहेका सबै वालिग नेपाली नागरिकहरूलाई इन्टरनेट तथा नेपाली दूतावासमा विशेष व्यवस्था गरेर मतदानको सुविधा उपलब्ध गराउनुपर्छ ।

**१३.५.** भारत प्रवास अथवा विदेशमा नोकरी गरेर निवृत्तिभरण प्राप्त गरी स्वदेश फर्केका नेपाली नागरिकहरूले स्वदेशमै आफ्नो निवृत्तिभरण (पेन्सन) प्राप्त गर्न सकुन् भनेर राज्यले सम्बन्धित मुलुकसँग कुटनीतिक वार्ताको माध्यमबाट समुचित प्रबन्ध मिलाउनु पर्दछ ।

## १४. युवा, खेलकुद, स्वदेशी र वैदेशिक रोजगारी सम्वन्धी नीति

वर्तमानमा बहुसङ्ख्यक नेपाली युवाहरू रोजगारविहिन अवस्थामा छन् । रोजगारीको खोजीमा लागेका लाखौं युवाहरू विभिन्न जोखिमको सामना गर्दै संसारका १०८ भन्दा बढी मुलुकतर्फ गैरहेका छन् । राज्यले समृद्ध राज्यनिर्माणमा उर्जाशील, सक्रिय र रचनात्मक योगदान दिने युवा शक्तिको जोस र जाँगरलाई पराई देशबाट स्वदेश तर्फ आकर्षित गर्नु पर्दछ । यसका निम्ति :

**१४.१.** कृषिको व्यवसायिकीकरण गर्दा होस् वा नयाँ नयाँ उद्योगधन्दाको विकास गर्दा होस् अथवा उत्पादनका अन्य क्षेत्रको विकास गर्दा युवाहरूलाई पर्याप्त रोजगारी उपलब्ध हुनेगरी नीति निर्माण गरिनु पर्दछ ।

**१४.२.** युवालाई राष्ट्रियता, राष्ट्रिय संस्कृति, देशभक्ति, नेपाली सभ्यता एवं पारिवारिक मूल्य र मान्यताबारे शिक्षा दिने र यिनकै आधारमा आधुनिक जीवनशैली तर्फ प्रवृत्त गर्ने नीति लिनु पर्दछ ।

**१४.३.** युवाहरूको विदेश पलायन मूल रूपमा जीवनका आधारभूत आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले हुने गरेको छ । तसर्थ नेपाली युवाहरूले देशमै रोजगारी प्राप्त गर्न सकून् र आवश्यक पर्दा देशलाई सृजनशील जनशक्ति निरन्तर उपलब्ध होस् भन्नेतर्फ राज्य सचेत हुनु पर्दछ ।

**१४.४.** शिक्षित युवाहरूलाई स्वावलम्बन र आत्मनिर्भरताका निम्ति शैक्षिक प्रमाणपत्रको आधारमा सहुलियत दरमा ऋण उपलब्ध गराईनु पर्दछ ।

**१४.५.** मूलतः स्वदेशमा व्यापक रूपमा रोजगारीका औसरहरू सृजना गरेर आफ्नै पौरखमा देशको विकास गर्ने र देशलाई समृद्ध बनाउने नीति अपनाइनु पर्दछ । तर हाल वैदेशीक रोजगारीको वाध्यात्मक अवस्थालाई दृष्टिगत गरेर वैदेशिक रोजगारीलाई सुरक्षित एवम् व्यवस्थित गरिनु पर्दछ ।

**१४.६.** वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका निम्ति तालिमको सुलभ व्यवस्था गरिनु पर्दछ । विदेशमा जाने नेपाली श्रमिकहरूको रोजगारी, स्वास्थ्य, सुरक्षा र अन्य हितहरूको ख्याल गर्न कूटनैतिक नियोगहरूलाई परिचालन गरिनु पर्दछ ।

**१४.७.** दश हजार नेपाली श्रमिकहरू हुने देशहरूमा श्रमसहचारीको नियुक्ति गरिनु पर्दछ ।

**१४.८.** विदेशमा नेपाली श्रमिकहरूमाथि हुने गैरकानुनी व्यवहार, शोषण, असुरक्षा आदिलाई रोक्ने प्रभावकारी उपाय गरिनु पर्दछ ।

**१४.९.** महिलाहरूलाई वैदेशिक रोजगारीमा जानुपूर्व सम्वन्धित काम, हकहित र सुरक्षाको प्रत्याभूति भएमा मात्र वैदेशिक रोजगारीमा पठाइने नीति लिनु पर्दछ ।

**१४.१०.** मानव बेचविखनलाई कडाईका साथ नियन्त्रण गरिनुका साथै त्यस्तो अमानवीय कार्यमा संलग्नलाई अति कठोर दण्डको व्यवस्था गरिनु पर्दछ ।

**१४.११.** युवाशक्ति स्वस्थ्य र तन्दुरुस्त रहेमा मात्र देश पनि स्वस्थ्य र तन्दुरुस्त रहने छ, तसर्थ युवाहरूबीच देखिएको कुलत र हिनतावोधलाई समाप्त पार्न सरकारद्वारा प्रभावकारी व्यवस्था गरिनु पर्दछ ।

**१४.१२.** खेलकुदको क्षेत्र स्वस्थ्यकर मनोरञ्जन मात्र नभएर युवा वर्ग लगायत सबै उमेर समूहका व्यक्तिहरूको निम्ति अपनाउनु पर्ने जीवनशैलीको महत्वपूर्ण क्षेत्र हो । त्यतिमात्र नभएर खेलकुदको क्षेत्रले अन्तर्राष्ट्रिय समूदायमा मुलुकको गौरव र मान बढाउने र र्राष्ट्रियताको सम्बर्द्धन गर्नुका अतिरिक्त र्राष्ट्रिय एकताको समेत प्रबर्द्धन गर्ने काम गर्दछ । त्यसकारण यस्तो महत्वपूर्ण क्षेत्रको विकास गर्नु राज्यको अनिवार्य दायित्व भित्र पर्नु पर्दछ ।

**१४.१३.** खेलकुदलाई नै आफ्नो जीवनको लक्ष्य बनाउने खेलाडीहरूलाई विशेष सहुलियतहरू प्रदान गरिनु पर्दछ । खेलाडिहरू आफ्नो र आफ्ना परिवारहरूको आधारभूत आवश्यकता जोहो गर्ने वैकल्पिक कामहरूमा लाग्नु नपरोस् भनेर राज्यले खेलाडिहरूको सम्पूर्ण प्रबन्ध गरी दिनु पर्दछ ।

**१४.१४.** खेलकुदबाट प्राप्त प्रमाणपत्रलाई शैक्षिक प्रमाणपत्रसरह मान्यता दिइनु पर्दछ ।

**१४.१५.** व्यक्तिगत जमानी र शिक्षा एवं खेल प्रमाण-पत्रको आधारमा कुनै पनि वित्तीय संस्थाहरूबाट स्वरोजगारी र उच्चशिक्षा प्रप्तिका निम्ति सहुलियत दरमा ऋण उपलब्ध गराउनु पर्दछ ।

**१४.१६.** पेसेवर खेलाडीहरूको स्वास्थ्यको निःशुल्क विमा गरिनु पर्दछ ।



**१४.१७.** युवा स्वरोजगार कोषलाई बिनापक्षपात पारदर्शी ढङ्गले बेरोजगार युवामा लगानी गर्ने प्रभावकारी वातावरण निर्माण गरिनु पर्दछ ।

**१४.१८.** राष्ट्को आवश्यकता र उपलब्ध जनशक्तिलाई दृष्टिगत गरेर सिमा सुरक्षाबल, औद्योगिक सुरक्षाबल तथा निर्माणबल (निब) को गठन गरिनु पर्दछ ।

## १५. भाषा, संस्कृति र कला सम्वन्धी नीति

समाजमा विद्यमान भाषिक, धार्मिक, सांस्कृतिक, जातपातीय, क्षेत्रीय एवं लिङ्गीय भेदभाव, उत्पीडन र असमानतालाई हटाउँदै स्वतन्त्रता र समानता कायम गर्न राज्यको लोकतान्त्रिक पुनःसंरचनाका लागि भाषा, संस्कृति र कलाको विकास महत्वपूर्ण विषय हो ।

**१५.१.** नेपालमा रहेका सबै जातिका मातृभाषाहरू राष्ट्रभाषा हुन् ।

**१५.२.** सबै राष्ट्रिय भाषाहरूको विकासका लागि एक 'भाषाविज्ञान प्रतिष्ठान' को गठन गरिनु पर्दछ ।

**१५.३.** भाषावैज्ञानिक निष्कर्षको आधारमा राष्ट्रिय भाषाहरूको वर्गीकरण गरिनु पर्दछ र आवश्यक विकासस्तर प्राप्त गरिसकेका सबै राष्ट्रिय भाषाहरूलाई सरकारी काममा प्रयोग गर्न सकिने नीति लिइनु पर्छ ।

**१५.४.** प्रत्येक नेपाली नागरिकलाई देशको कुनै पनि स्थान र निकायमा आफ्नो मातृभाषामा अभिव्यक्ति दिने अधिकार निर्वाध उपभोग गर्न सकिने व्यवस्था गरिनु पर्दछ ।

**१५.५.** नेपाली भाषाका साथसाथै देशका अन्य सबै सक्षम राष्ट्रिय भाषालाई शिक्षाको माध्यम बनाउने नीति लिइनु पर्छ । विभिन्न राष्ट्रिय भाषाहरूलाई क्रमशः उच्चस्तरीय शिक्षाको माध्यम बनाउँदै लगिनु पर्छ ।

**१५.६.** अङ्ग्रेजी, हिन्दी, उर्दू, बङ्गाली, चिनीयाँ आदि भाषालाई नेपालमा प्रचलित अन्तर्राष्ट्रिय भाषाको रूपमा व्यवहार गरिनु पर्दछ । अङ्ग्रेजी भाषालाई अन्तर्राष्ट्रिय सम्पर्क भाषा बनाइनु पर्दछ ।

**१५.७.** धर्मलाई नागरिकहरूको नीजी आस्था वा अनास्थाको विषय बनाइनु पर्दछ । व्यक्ति धर्मलाई मान्न वा नमान्न स्वतन्त्र रहनु पर्छ ।

**१५.८.** जवरजस्ती वा लोभ देखाई धर्म परिवर्तन गर्ने कुरालाई दण्डनीय बनाइनु पर्छ ।

**१५.९.** आजसम्म चाडपर्वहरूमा दिइँदै आइएका अनावश्यक विदाहरूलाई सन्तुलित बनाइनु पर्छ । साथै सबै समुदायका नेपालीहरूका सांस्कृतिक चाडपर्वहरूलाई समान मान्यता दिँदै तिनमा राष्ट्रिय वा क्षेत्रीय विदा दिइने नीति लिइनु पर्दछ ।

**१५.१०.** सवै समुदायका नेपालीहरूका परम्परागत भेष-भूषाहरूलाई राष्ट्रका सांस्कृतिक सम्पत्तिको रूपमा सम्मान र संरक्षण गरिनु पर्दछ । तिनको प्रचलनलाई प्रोत्साहित गरिनुपर्छ । नेपाली नागरिकहरूले प्रयोग गर्ने औपचारिक पोशाक निर्धारण गर्ने आयोग गठन गरी त्यसको सिफारिसमा नेपाली नागरिकको औपचारिक पोशाक निर्धारण गरिनु पर्दछ ।

**१५.११.** सवै समुदायका नेपालीहरूमा रहेका कला-संस्कृति (धुन, भाका, नृत्य, नाटक र बाजाआदि) को संरक्षण तथा सम्बर्द्धन गरिनु पर्छ ।

**१५.१२.** मौलिक नेपाली कला (मैथिली चित्रकला, थान्का लेखन, मूर्तिकला, धातुकला, काण्ठकला, चित्रकला तथा वास्तुकला) लाई संरक्षण सम्वर्द्धन गरिनुका साथै त्यस्ता कलालाई अझ विकसित बनाइनु पर्दछ ।

**१५.१३.** कला-साँस्कृतिमा लागेका प्रतिभाहरू, रंगकर्मीहरू र सञ्चारकर्मीहरूको पेशागत विकास एवं हक-हित संरक्षणको निम्ति राज्यद्वारा विशेष नीति निर्माण गरिनु पर्दछ ।

**१५.१४.** राष्ट्रका पुरातात्विक सामग्रीहरू तथा ऐतिहासिक र पौराणीक स्थलहरूको समुचित संरक्षण गरिनु पर्दछ । पुरातात्विक र ऐतिहासिक सामग्रीहरूको चोरी-निकासी, आगजनी र तोडफोडलाई कडा दण्डनीय अपराध मानिनु पर्दछ ।

**१५.१५.** जनपक्षीय कला-साहित्यलाई प्रोत्साहन दिने नीति लिइनु पर्दछ ।

## १६. सञ्चार सम्बन्धी नीति

**१६.१.** विद्युतीय र छापा सरकारी सञ्चार माध्यमहरूलाई जनताप्रति पूर्ण उत्तरदायी, जनमुखी बनाउँदैं कुनै दलविशेषको नभई राष्ट्रको सञ्चार माध्यमका रूपमा स्थापित गरिनुपर्छ ।

**१६.२.** नीजी क्षेत्रका छापा र विद्युतीय सञ्चार माध्यमहरूलाई स्वतन्त्रता र सूचनाको हक निर्वाध उपभोग गर्न पाउने वातावरण निर्माण गर्नुकासाथै त्यसद्वारा जनताको चेतनास्तरमा अभिवृद्धि, सिमान्तीकृत जनसमुदायलाई सबलीकरण गर्न प्रोत्साहित गरिनुपर्छ ।

**१६.३.** राष्ट्रिय समाचार समितिलाई सञ्चारक्षेत्रको आधिकारिक र विश्वसनीय समाचारस्रोतका रूपमा आधुनिकीकरण गरिनु र त्यसको सेवाक्षेत्रको विस्तार गरिनुपर्छ ।

**१६.४** .सञ्चारक्षेत्रका समस्याहरू बुझ्न र तिनको समाधान गर्न सञ्चारजगत तथा सरकारका बीचको सहजकर्ताका रूपमा अधिकारसम्पन्न प्रेस काउन्सिल गठन गरिनु पर्दछ र त्यसको अधिकारबारे



संवैधानिक व्यवस्था गरिनुपर्छ ।

**१६.५.** श्रमजीवी पत्रकारहरूका हकहित संरक्षणका साथै निजी क्षेत्रबाट प्रकाशित साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक समाचारप्रधान र साहित्यिक पत्र-पत्रिकाहरूको सबलीकरणका लागि कानुनी व्यवस्था गरी उत्थानको ग्यारेण्टी गरिनुपर्छ ।

**१६.६.** बीस वर्षभन्दा बढी अवधिसम्म राष्ट्रियता, लोकतन्त्र र जनहितका पक्षमा निरन्तर क्रियाशील वरिष्ठ पत्रकारहरूलाई राज्यका तर्फबाट निवृत्तिभरणको व्यवस्था गरिनुपर्छ । साथै राज्यको तर्फबाट सबै पत्रकारहरूको निशुल्क जीवनविमा गरिनु पर्दछ ।

**१६.७.** आमसञ्चारका माध्यमहरूलाई दुर्गम क्षेत्र र सिमान्तीकृत जनताको पहुँचसम्म पुऱ्याउने कार्यलाई प्रोत्साहित गरिनु पर्दछ र त्यस्ता सञ्चारमाध्यमहरूलाई सरकारले विशेष सहुलियत प्रदान गर्ने नीति लिनु पर्छ ।

**१६.८.** टेलिफोन, मोबाइल, इन्टरनेट सेवाको ग्रामीण तहसम्म विकास र विस्तार गर्दै हरेक नेपालीलाई सञ्चारको पहुँचमा पुऱ्याउने उपयुक्त नीति अवलम्बन गरिनुपर्छ ।

**१६.९.** सञ्चारक्षेत्रमा विदेशी पुँजीको लगानीलाई निरूत्साहित गरिनुपर्छ । तर गैरआवासीय नेपाली तथा नेपाली पुँजी लगानीलाई खुल्ला राखिनु पर्छ ।

**१६.१०.** सञ्चारगृहहरूले सञ्चारका सवै माध्यमहरूमा स्वामित्व कायम गरी एकाधिकार जमाउने प्रवृत्तिको अन्त्य गरिनुपर्छ ।

**१६.११.** राज्यद्वारा प्रभावकारी अनुगमन पश्चात पीत पत्रकारिता गरेको प्रमाणित भएमा त्यस्ता पत्रकार र सञ्चारमाध्यमलाई कडा कार्वाही गरिनु पर्दछ ।

## १७. विविध विषयहरू

**१७.१.** विगतका जनआन्दोलन र सशस्त्र सङ्घर्षका क्रममा जीवन उत्सर्ग गर्ने सहिदहरूको परिवारलाई राहत दिने र जीविकोपार्जन र बालबालिकाहरूलाई शिक्षा-दिक्षा दिनेसम्बन्धमा प्रभावकारी कार्यक्रम लागू गरिनुपर्छ । यसको साथै अपाङ्ग र घाइतेहरूको उपचार र जीविकोपार्जनमा प्रभावकारी व्यवस्थापन गरिनुपर्छ ।

**१७.२.** आय वितरणमा सामाञ्जस्यता ल्याउनको लागि राष्ट्रिय पुँजीपतिवर्गलाई उत्पादनको क्षेत्रमा पर्याप्त लगानीको वातावरण सृजनागरी श्रमजीवी र न्यून आय भएका व्यक्तिहरूलाई रोजगारी तथा आय आर्जनका अवसरहरू प्राप्त हुने गरी नीति निर्माण गरिनु पर्दछ ।

**१७.३.** भूकम्प लगायत प्राकृतिक प्रकोप व्यवस्थापनका नाममा प्राप्त हुने सहयोगमा नेपालमाथि थोपरिने दातृ निकायका नाजायज शर्तहरू मञ्जुर गरिनु हुदैन ।

**१७.४.** उच्च वर्गका घनाढ्य व्यक्तिहरूमाथि राज्यले लगाउने करको दायरा फराकिलो पार्दै शक्ति विकेन्द्रिकरणको सिद्धान्त अपनाई निर्धनको जीवनयापन उकास्ने नीति निर्माण गरिनु पर्दछ ।

**१७.५.** उद्योग-व्यवसाय सञ्चालन गर्दा सहरीकरण र बस्तिविकास गर्दा तथा यातायातको विकास गर्दा प्रदूषणवृद्धिलाई नियन्त्रण गर्ने योजनाका साथ काम गरिनुपर्छ ।

**१७.६.** एकसिङ्गे गैंडा, विभिन्न प्रजातिका चितुवालगायत लोपोन्मुख दुर्लभ जनावरहरू, सङ्ख्यात्मक रूपमा ह्रास हुँदै गएका दुर्लभ र लोपोन्मुख वनस्पति र पन्क्षीहरूको प्रभावकारी नीति निर्माण गरी संरक्षण गरिनुपर्छ । वन्यजन्तुको शिकार तथा चोरी-तस्करीलाई कडा दण्डनीय कानुन बनाई नियन्त्रण गरिनु पर्दछ । सिमसार क्षेत्रको संरक्षणलाई राज्यले उच्च प्राथमिकता दिइनु पर्दछ ।

**१७.७.** सहर/बजार र गाउँघरमा छाडा छोडिएका पशुहरू (गाई, वाच्छा-वाच्छी, साढे आदि)लाई गोठमा राख्ने र अन्य घरेलु पशुसरह व्यवहार गर्ने काम गरिनुपर्छ । सरकारले यस्तो काम गर्ने व्यक्ति र संस्थालाई प्रोत्साहन दिनुपर्छ । विशेषगरी सहर-बजारमा छोडिएका र रहेका वेवारिसे कुकुरहरूलाई बन्ध्याकरण गर्ने र हेरविचार केन्द्रमा राख्ने कामलाई प्रोत्साहन र सहयोग गरिनुपर्छ ।

**१७.८.** मुलुक भित्र बिक्रीवितरण गरिने समस्त उपभोग्य वस्तुमा त्यस वस्तुको मूल्य र उपयोग गर्न सकिने म्याद अनिवार्य अंकित गरिनु पर्दछ र सो को सम्बन्धित सरकारी निकायबाट नियमित अनुगमन समेत गरिनु पर्दछ ।

**१७.९.** सहर-बजारमा अनियन्त्रित रूपमा रहेका छाडा पशुहरूलाई नियन्त्रण गर्ने प्रभावशाली नीति र कानुन बनाइनु पर्छ । आफ्ना पशुहरू छाडा छोड्ने दोषिलाई कानुनी दायरामा ल्याउनु पर्छ । यस्ता पशुहरूको निम्ति उद्धारगृहहरूको व्यवस्था गरिनु पर्दछ ।

**१७.१०.** धार्मिक आस्थाको नाममा हाम्रो समाजमा ज्यादै अमानवीय र हिंसक परम्परा जारी रहेका छन् । बाराको गढीमाईमा प्रतिवर्ष दशौं हज्जार पशु-पंछीको बली दिने परम्परा अत्यन्त नै भयावह रहेको छ । यसैगरी देशको राजधानी रहेको काठमाडौं उपत्यकाभित्र पनि ज्यूँदै बाखालाई पोखरीमा फालेर मानिसको भिडले लुछाचुँडी गरी मार्ने, पशु-पंछी ओसारपसारमा बडो निर्दयी व्यवहार गर्ने लगायत कतिपय आधुनिक सभ्य समाजका प्रतिकूल परम्परा र



व्यवहार रहेका छन् । यी वास्तवमा क्रुर र अनावश्यक हुन् । यसबारे जनचेतनाको विकास गर्दै तथा आवश्यक कानुन निर्माण गर्दै त्यस्ता परम्पराहरूलाई परित्याग गर्नु गराउनु अत्यावश्यक छ ।

**१७.११.** कारागारहरूमा वैज्ञानिक आधुनिक सुधार गरी तिनलाई सुविधायुक्त सुधारगृहको रूपमा रूपान्तरित गरिनुपर्छ । बन्दीहरूलाई उत्पादनमूलक तथा आय-आर्जन कार्यमा लगाई उनीहरूको वृत्तिविकास र आर्थिक सुरक्षाको निम्ति आवश्यक व्यवस्था गरिनु पर्दछ ।

**१७.१२.** तेस्रो लिङ्गीबारे समाजमा रहेको नकारात्मक भावनालाई हटाउन राज्य, राजनीतिक दल र विभिन्न सामाजिक सङ्घसंस्थाहरूले जागरण अभियान सञ्चालन गर्नु पर्दछ । तेस्रो लिङ्गीहरू प्रकृति र यही समाजको देन भएकोले समाजको अभिन्न अङ्गको रूपमा परिभाषित हुनुपर्दछ । राज्यले अन्य लिङ्गी सरह तेस्रो लिङ्गीलाई राजनीतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अधिकार समान रूपमा उपभोग गर्ने गरी कानुनी र संवैधानिक व्यवस्था गर्नु पर्दछ ।

## १८. तत्कालिक कार्यनीतिको कार्यान्वयन

विगतमा पार्टी केन्द्रमा विभिन्न ब्यूरो तथा जिल्लाका जिम्मेदार कमरेडहरूबाट समेत स्थानीयस्तरमा आयोजना गरिने कार्यक्रमहरू बारे जिज्ञासा राख्ने गरिएको थियो । स्थानीय विशिष्टताहरू अनुकूलका कार्यक्रमहरू बनाई आफ्ना आन्दोलनहरूमा समावेश गर्ने कार्य सम्बन्धित कमिटीहरूकै हो । थप कार्यक्रमहरू मध्ये तत्कालिक कार्यनीतिबाट कमिटी विशेषले छानेर आफ्ना आन्दोलनमा समावेश गर्ने कार्य गरिनु पर्दछ । यस पूर्व तदनुरूप कार्यसम्पादन गरिएको थिएन । तत्कालिक कार्यनीतिको गहिरो अध्ययन गर्ने कार्यलाई सम्बन्धित कमिटीहरूले तदारुकताका साथ अघि बढाउनु पर्दछ ।

तत्कालिक कार्यनीति कार्यान्वयन गर्ने सन्दर्भमा कार्यनीतिमा उल्लेखित सङ्घर्षका माग र नीतिगत बुँदाहरूलाई केन्द्र, प्रदेश, जिल्ला, नगर र गाउँ कमिटीहरूको बैठकका निर्णयहरू मार्फत स्थान विशेषको विशिष्टतामा वर्गिकरण गरिनु पर्दछ । मार्क्सवाद-लेनिनवादका सार्विक नियमहरूलाई हरेक मुलुकका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले आफ्नो मुलुकका विशिष्टताहरूलाई पहिचान गर्दै सृजनात्मक रूपमा लागु गर्नु परे जस्तै हाम्रो तत्कालिक कार्यक्रमका विषयहरूलाई पनि पार्टीका विभिन्न तहका- केन्द्रीय, प्रादेशिक वा स्थानीय तहका कमिटीहरूले आफ्नो बैठकद्वारा कुन समयमा कुन मुद्दालाई लागु गर्न सङ्घर्ष उठाउने भनी निर्णय गर्दै त्यसलाई हरेक कमिटीहरूले आफ्नो कार्यक्षेत्रमा लागु गर्नु पर्दछ । तत्कालिक कार्यनीतिबाट पहिचान गरिएका तथा

स्थानीय विशिष्ठतामा आधारित रहेर निर्क्योल गरिएका विषयहरूलाई जनकार्यहरूको माध्यमबाट प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने प्रयत्नलाई हरेक नेता कार्यकर्ताहरूको व्यक्तिगत पहल मार्फत समेत अघि बढाउनु पर्दछ ।

## १९. जनकार्यहरू

पार्टीले अघि बढाएका जनकार्यहरूमा निम्नलिखित पाँच जनकार्यहरू पर्दछन् । **पाँच ज** को नामबाट यी जनकार्यहरूबारे पार्टी पङ्क्ति र आम जनता परिचित हुनु पर्दछ । यस्ता जनकार्यहरू गर्नुलाई पार्टीका नेता, कार्यकर्ता, सदस्य र समर्थकहरूको दैनिक आचरणमा परिणत गर्न सक्नुपर्दछ ।

**१९.१. राजनीतिक जनकार्य :** सामाजिक परिवर्तनका विभिन्न विषयवारे पार्टीका नीतिहरूलाई जनताको बीचमा लैजाने कार्य नै राजनीतिक जनकार्य हो । वर्तमानमा राष्ट्रको आवश्यकता र जनताका चाहनाहरू सतहमा देखिएका छन् । यी सँग सरोकार राख्ने पार्टी निर्मित विचारहरू अनुरूप सामन्तवादी परिपाटी र राजनैतिक विकृतिको भण्डाफोर, राष्ट्रियताको संरक्षण र संबर्धन, स्वाधिनता तथा आत्मनिर्भरताको कोणबाट नेपाल चिन्तनको महत्वबारे जनचेतनामा अभिवृद्धि, राजनैतिक दलहरूलाई जिम्मेवार र सक्षम बनाउने राजनैतिक शुद्धीकरण र राजनीतिक मूल्य र मान्यताको स्थापना, मुलुकसुहाउँदो सङ्घीय ढाँचा, जातीय पहिचान, उत्तर-दक्षिण फैलिएका समावेशी प्रदेशहरूको निर्माण, समावेशी लोकतान्त्रिक प्रणाली, प्रगतिशील सामाजिक-आर्थिक परिवर्तन, राष्ट्रियताको सम्वर्द्धन, दीगो शान्ति कायम गर्ने उपायहरू आदि विषयमा कमरेडहरूले जनताबीच कुराकानी, अन्तरक्रिया, गोष्ठी, भेला, जनसभा, भित्ते लेखन, पर्चाबाजी र जुलुस प्रदर्शन आदि माध्यमहरूबाट प्रचार कार्य गर्नुपर्छ । पार्टीका विचारहरू आम जनताले बुझ्ने र अनुकरण गर्ने गरी राजनीतिक जनकार्य सञ्चालन गरिनु पर्दछ ।

**१९.२. जनपक्षीय जनकार्य :** जनताले दैनिक जीवनमा महशुस गरेका कठिनाइहरू, प्रशासनिक ढिलासुस्तीबाट उत्पन्न हुने वाधा-झमेलाहरू, थिचो-मिचो र अन्याय आदिलाई हटाउन, आम जनताले भोगिरहका असुरक्षा, दण्डहीनता, महंगी, अभाव, गरिवी, बेरोजगारी, अन्याय, अत्याचार आदिलाई लिएर पार्टीकार्यकर्ता जनताको पक्षमा सकृय भएर उत्रिनु पर्छ । यस्तो काम जनपक्षीय वा जनसेवा गर्ने जनकार्य हो । यस्तो जनकार्यमा भनसुनको माध्यम अपनाइए पनि यसकै निम्ति पनि सडक सङ्घर्ष समेत गर्नुपर्ने स्थिति उत्पन्न हुन सक्छ ।

**१९.३. विकास-निर्माणको जनकार्य :** स्थानीय निकायमा प्रतिनिधित्व गर्ने पार्टी प्रतिनिधिहरू मार्फत जनताका आवश्यकताअनुसार स्थानीय निकाय ( गाऊपालिका, नगरपालिका, जिल्ला विकास समिति र प्रदेश) का बजेटहरूलाई



सदुपयोग र सुपरिचालन गर्दै स्थानीय विकास-निर्माणका काममा पार्टीले योजनावद्ध ढङ्गले लाग्नुपर्दछ । पार्टी कार्यकर्ताहरूले स्थानीय निकायका बजेटहरूबाट वा सभासद्ले सञ्चालन गर्ने 'निर्वाचनक्षेत्र विकास कार्यक्रम' को बजेटबाट सञ्चालित हुने स्थानीय विकास-निर्माणका कार्यक्रमहरूलाई इमान्दारीपूर्ण एवं पारदर्शी ढङ्गले स्वयम्सेवाको भावनाका साथ कार्यान्वयन गर्नुपर्दछ । त्यति मात्र होइन नेकपा ( माले) का कार्यकर्ताहरूले स्थानीय विकास निर्माणको निम्ति प्राप्त बजेटलाई प्रोत्साहन-बजेटको रूपमा लिई स्वयंसेवी ढङ्गले काम गर्दै लक्ष्यभन्दा बढी उपलब्धी हासिल गर्न स्थानीय जनतालाई स्थानीय स्रोत, साधन, शक्ति र पैसा लगानी गर्न प्रोत्साहित गर्नुपर्दछ । यसो गर्न सक्यो भने मात्र जनताले नेकपा (माले) लाई अरु पार्टीहरूभन्दा भिन्न, इमान्दार, पारदर्शी, जनसेवी र प्रतिवद्ध पार्टीको रूपमा पाउनेछन् र जनताबीच पार्टी लोकप्रिय हुँदै जानसक्नेछ । यसको साथसाथै प्रकृया पुऱ्याएर प्रान्तीय र केन्द्रीय वजेटवाट गरिने विकास-निर्माणको काम गर्न समेत स्थानीय पार्टी-कमिटीहरू र स्थानीय तहमा रहेका पार्टीका नेता र कार्यकर्ताहरूले ध्यान र महत्व दिनु आवश्यक छ ।

**१९.४. रचनात्मक जनकार्य :** कमरेडहरूले समाजमा रहेका समाजसुधारका अनगन्ति विषयहरू– महिलामाथिका विभेद र शोषण-उत्पीडनहरू, बढ्दो एच्.आइ.भी. एड्स् तथा सिड्सको रोकथाममा सहयोग, विभिन्न प्रकोप (गत २०७२ सालको बैशाखमा गएको महाविनासकारी भूकम्प जस्तै भूकम्पीय प्रकोप लगायत बाढी, पहिरो र डुबान प्रकोपमा परेका जनताको उद्दार, राहत र पूनर्व्यवस्थापनका कार्यहरू), महामारी, झाडा-पखाला र कुपोषण रोक्न एवम् जन-स्वास्थ्य र महिलाहरूको स्वास्थ्य सम्बन्धी जनचेतना जागरण अभियान सञ्चालनका सङ्गठित प्रयत्न, पछौटे-कुरीति उन्मूलन र समाजसुधारका विविध कामहरू, खेलकूद, हाँजिरी जवाफ, सर-सफाई कार्यक्रमहरूको सञ्चालन, महिला र पौढ साक्षरता अभियानको सञ्चालन, वातावरण संरक्षणका अभियानहरूको सञ्चालनआदि रचनात्मक कामहरू लगायत खेतीबारीको मौसममा 'सामूहिक श्रम अभियान' सञ्चालन गर्ने जस्ता कामहरूलाई लिएर रचनात्मक जनकार्य गर्नु पर्दछ ।

**१९.५. स्थानीय वर्गसङ्घर्षका जनकार्य :** पार्टीको मुख्य र ठूलो काम जनताबीचकै काम हो । पार्टीका अनेक आन्तरिक कामहरूलाई व्यवस्थित गर्ने काममा पनि जनताबीचकै कामले मार्गदर्शन गर्दछ । हरेक स्थानीय कमिटीले श्रमजीवि जनताको हक-अधिकारको कार्यान्वयन र जनजीविकाका सवालहरूलाई लिएर प्रतिनिधिमण्डल पठाउने, पर्चेवाजी गर्ने, नारा-जुलुस, धर्ना, हलसभा, कोणसभा र जनसभा संचालन गर्ने काम गर्नुपर्छ । यस प्रकार स्थानीय वर्गसङ्घर्षको उठान गर्ने कार्यमा नेतृत्व गर्न सबै स्थानीय कमिटीहरू

र नेतृत्वले आफ्नो दायित्व ठान्नु पर्दछ । केन्द्रीय र प्रान्तीय निर्णय र योजना अनुसारका सङ्घर्षका कार्यक्रमहरू पनि संचालन गर्नुपर्छ ।

उपर्युक्त पाँचवटै कामलाई लिएर योजनावद्ध ढङ्गले अभियान सञ्चालन गर्ने हो भने मात्र स्थानीय तहमा पार्टीको लोकप्रियता बढ्नेछ। पाँच थरी काममा आधारित जनकार्यहरू राष्ट्र र समाजको अग्रगामी परिवर्तनका साथै पार्टीको विस्तार र सुदृढीकरणका निम्ति समेत नगरी नहुने जनकार्यहरू हुन्। यस्ता जनकार्यहरूले मात्र पार्टीलाई जीवन्त राख्न सक्तछ र पार्टीलाई जनताकाबीचमा प्रभावकारी बनाउँछ, जनसमर्थनलाई बढाउँदै पार्टीको शक्तिलाई प्रभावशाली बनाउँछ ।

**प्रिय कमरेडहरू !**

आज हाम्रो मुलुकको संक्रमणकालिन राजनीतिक अवस्थामा विभिन्न खाले परचक्रीहरूको घुसपैठ र चलखेल बढ्दो छ, नेकपा (माले) को प्रभावकारितालाई कम पार्ने उद्देश्यले दक्षिणपन्थी र उग्रवामपन्थी विर्सजनवादी कोणबाट विभिन्न रूपमा आन्तरिक तथा बाह्य हमला भैरहेका छन्। तिनीहरूबाट सचेत बनौं। उपर्युक्त परचक्री गतिविधि र पार्टी विरोधी दुवै अवसरवादी प्रवृत्तिहरूले विभिन्न तिकडम भिडाएर फोहोर अवसरवादी गतिविधि सञ्चालन गरिहेका छन्। नेकपा (माले) ले उठाएका यस्ता कुरालाई चिन्दै र पार्टी विरोधिहरूका षडयन्त्रहरूलाई चिर्दै मुलुकको अग्रगमनका लागि र नयाँ जनवादी क्रान्तिको कार्यक्रमका पक्षमा तय गरिएका माथि उल्लिखित पार्टी कार्यनीति र पार्टीद्वारा निश्चित गरिएका वर्तमानका तत्कालीन कार्यक्रमलाई लिएर जनस्तरमा जाऔं। प्रभावकारी हुने गरी ती कार्यक्रमहरूको कार्यान्वयन पक्षमा गम्भीर बनेर छलफल, बहस, अन्तर्क्रिया, कोठे बैठक, कोणसभा, जनसभा र गोष्ठीहरूको माध्यमबाट प्रचारप्रसार कार्यलाई तीव्रता दिई जनस्तरबाटै राजनैतिक सङ्घर्ष, जनआन्दोलन र जनसङ्घर्षको आँधिवेहरी सिर्जना गरौं। निश्चय पनि हाम्रा विचारहरू चरितार्थ हुनेछन्। हाम्रो विजय सुनिश्चित छ।

धन्यवाद ! लालसलाम !!

★ ★ ★ ★ ★